# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक ११४ | काठमाडौं | बुधबार, ३० साउन २०८१ | Prabhab National Daily | Wednesday, August 14, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


## कागजमा सीमित हरवाचरवा मुक्ति घोषणा




- न्यायिक पुनःस्थापनाको पर्खाइमा हरवाचरवा
- मुक्ति घोषणा गरिए पनि मधेस प्रदेशमा हरवाचरवा प्रथा कायमै
- पुनःस्थापनाका कुनै काम अगाडि नबढेको गुनासो
- न्यायिक ज्यालाविनै श्रम गर्न बाध्य हरवाचरवा नेपालमा एक लाखभन्दा बढी भएको अनुमान

■ **सुशील दर्नाल**

**काठमाडौं–** सरकारले हरवाचरवा, हलिया, कमलरी र कमैया मुक्तिको घोषणा गरिसकेको छ। तीमध्ये हरवचरवाबाहेकको पुनःस्थापनाका लागि कामसमेत गरिरहेको छ। तर, हरवाचरवाको हकमा भने मुक्तिको घोषणा कागजमै सीमित हुन पुगेको सरोकार भएकाहरूले गुनासो गरेका छन् ।

नेपालको संविधानले मौलिक हक तथा मानवअधिकार संरक्षण र सम्वर्द्धनसम्बन्धी प्रावधान, दासता, बाध्यकारी श्रम, बालश्रम तथा मानव बेचबिखनलाई निषेधित र दण्डनीय मानेको छ । दासत्व अभ्यासको विधिवत् अन्त्य र दासमुक्तिको एक शताब्दी बित्दासमेत समाजमा कुनै न कुनै रूपमा समस्या कायमै रहेको जानकारहरू बताउँछन् । संविधानको धारा २९ शोषणविरुद्धको हकअन्तर्गत उपधारा (३) र उपधारा (४) मा कसैलाई पनि बेचबिखन गर्न, दास वा बाधा बनाउन र कसैलाई पनि निजको इच्छाविरुद्ध काममा लगाउन नपाइने प्रावधान छ । तर, विशेषगरी मधेस प्रदेशमा रहेको हरवाचरवा प्रथामा भने अहिले पनि बाध्यकारी श्रमको अवस्था कायमै रहेको राष्ट्रिय हरवाचरवा अधिकार मञ्चका अध्यक्ष दशनलाल मण्डलको भनाइ छ ।

पछिल्लोपटक तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकारले २०७९ साउन २ गते हरवाचरवा मुक्तिको घोषणा गरेको थियो तर त्यसपछि पुनःस्थापनाका कुनै काम अगाडि नबढेको उनले बताए । 'मुक्तिको घोषणा गर्दा सरकारले तथ्यांक संकलन, वर्गीकरण र सो आधारमा परिचयपत्र दिएर न्यायिक पुनःस्थापना गर्ने, ऋण मिनाहा गरी मर्यादित जीवन, सामाजिक सशक्तीकरण, समावेशीकरण, शिक्षा, स्वास्थ्य, रोजगारी तथा सामाजिक सुरक्षाका मुद्दा सम्बोधन गर्ने प्रतिबद्धता जनाएको थियो । त्यो अहिलेसम्म पूरा भएको छैन,' अध्यक्ष मण्डलले भने ।

(क्रमशः पृष्ठ २ मा)

डेडिकेटेड-ट्रंकलाइन महसुल विवाद

# संसद्मा 'पानीमाथिको ओभानो' बन्दै सभापति पोखरेल

- उद्योगीलाई महसुल बक्यौतामा छुट दिने कदममा सरिक सार्वजनिक लेखा समितिका सभापति ऋषिकेश पोखरेल उद्योगीको अनुकूल निर्णय गराउने चलखेलमा
- पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको सरकारले उद्योगीलाई १६ अर्ब रुपैयाँ छुट दिएको र त्यो समेत २२ अर्ब नै बक्यौता उठाउने पक्षमा रहेको दाबी
- माओवादी केन्द्रका सांसद महेन्द्रबहादुर शाहीद्वारा बक्यौता रकम असुलीबारे छानबिन गर्न संसदीय छानबिन समिति गठन गर्न माग



■ **जेबी योञ्जन**

**काठमाडौं–** प्रधानमन्त्री केपी शर्मा ओलीको चाहनाअनुसार 'डेडिकेटेड फिडर' र 'ट्रंकलाइन' महसुल प्रकरणमा उद्योगीअनुकूल निर्णय गराउन प्रतिनिधिसभाको सार्वजनिक लेखा समिति सभापति ऋषिकेश पोखरेलले खोजेको कागजात नै बाहिरिएपछि उनी आलोचित भएका छन् । नेकपा एमालेका सांसद एवं समिति सभापति पोखरेललाई उद्योगीअनुकूल निर्णय गराउन प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रका सांसद अमनलाल मोदीले रोकेका थिए । उद्योगीसँग भेटेर उनीहरूले नै तयार गरेको निर्णय बोकेर समिति बैठकमा जाँदा आलोचित बनेका पोखरेलले मंगलबार भने संसद् बैठकमा आफूलाई पानीमाथिको ओभानो बनाउने प्रयास गरे ।

पोखरेलले आफू महालेखापरीक्षकको कार्यालयले औंल्याएअनुसार २२ अर्ब रूपैयाँ बक्यौता उठाउनुपर्ने पक्षमा रहेको दाबी गरे । डेडिकेटेड र ट्रंकलाइनको सुविधा दिन थालेको मिति २०७२ साउनदेखि २०७७ सम्म प्राधिकरणले गरेको बिलिङअनुसारको रकमलाई महालेखाले बेरुजुका रूपमा औंल्याएको थियो । तर, ओली यसअघि प्रधानमन्त्री हुँदा तत्कालीन ऊर्जासचिव दिनेश घिमिरेको संयोजकत्वमा गठित समिति र गत पुस २४ मा सर्वोच्च अदालतका पूर्वन्यायाधीश गिरीशचन्द्र लालको अध्यक्षतामा गठित जाँचबुझ आयोगले २०७२ पुससम्म प्रिमियम शुल्क नै निर्धारण नभएको र २०७५ जेठदेखि लोडसेडिङ अन्त्य भएकाले २०७२ माघदेखि २०७५ वैशाखसम्मको मात्र महसुल लिन सिफारिस गरेका थिए । तर, पोखरेलले बक्यौता विवाद समाधानका लागि लाल आयोग सेटिङमा बनाइएको दाबीसमेत गरे ।

उनले संसद् बैठकमा भने, 'माननीयहरू भन्नुहुन्छ, प्राधिकरण, व्यवसायी र सरकारको सेटिङमा आयोग निर्माण भयो र त्यसले १६ अर्ब छुट दियो । म के भाग्नु ? म सभापति, माननीयले उठाएका कुरालाई छलफल गरौंला भन्नु परेन ? १६ अर्ब छुट दिने क्रान्तिकारी, २२ अर्ब उठाउनुपर्छ भन्ने म भ्रष्टाचारी ?' प्रधानमन्त्री ओलीको इशारामा चल्ने पोखरेल २२ अर्ब त के छ अर्ब महसुल बक्यौता पनि उद्योगीबाट उठाउन नदिने षड्यन्त्रमा छन् ।

(क्रमशः पृष्ठ २ मा)

## कुलमानविरुद्ध अख्तियारमा खरेलको उजुरी



**काठमाडौं (प्रस)–** नेपाल प्रहरीका पूर्वडिआइजी रमेश खरेलले नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङविरुद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा उजुरी दिएका छन् । प्रहरी सेवामा बहाल छँदा श्रीमतीको नाममा सुराक भत्ता थापेर खाएको आरोपमा विवादित बनेका उनले घिसिङविरुद्ध भ्रष्टाचारको आरोप लगाउँदै उजुरी दिएका हुन् ।

राज्यलाई करोडौं रूपैयाँ घाटा हुनेगरी ऊर्जा उत्पादक कम्पनीसँग विद्युत् खरिदका लागि पिपिए गरेको उजुरीमा उल्लेख गरेका छन् । खरेलले सामाजिक सञ्जालमार्फत आफ्नो उजुरीको सबै व्यहोरा सार्वजनिक गरेका छन् । उनले ६६ वटा कम्पनीसँग कानुनविपरीत घिसिङले पिपिए गर्दा सरकारको खातामा आउने एक करोड १७ लाख २६ हजार रूपैयाँ राजस्व गुमेको उजुरीमा उल्लेख छ । घिसिङले २०७५ र २०७६ सालको विभिन्न मितिमा विभिन्न ऊर्जा उत्पादक कम्पनीहरूसँग नियमविपरीत 'पावर पर्चेज एग्रिमेन्ट' गरेको उनको जिकिर छ ।

(क्रमशः पृष्ठ २ मा)

## अमेरिकामा राजनीतिक प्रक्रियामा सहभागिता जनाउँदै दोस्रो पुस्ता

■ **मधुकर अधिकारी**

**वासिङ्टन डिसी–** संयुक्त राज्य अमेरिकाको मेरिल्यान्ड राज्यको हावर्ड काउन्टीमा बस्दै आएका हेनरी पाण्डेय अहिले स्थानीय विद्यालयमा १२ कक्षामा अध्ययनरत छन् । उनले अमेरिकाको विश्वविद्यालयमा चिकित्साशास्त्र अध्ययन गरी डाक्टर बन्ने सपना रहेको बताएका छन् । तर, भविष्यमा जे बने पनि हामीहरूले हरेक विषयमा बन्ने कानुन र त्यसको जानकारीले दिने बहुआयामिक ज्ञानले यस विषयमा सचेत मात्र गराउँदैन एक असल व्यक्तिको रूपमासमेत परिचित बनाउँछ, आइतबार मेरिल्यान्डमा राससँग कुरा गर्दै पाण्डेयले भने, 'मलाई त अमेरिकाको राजनीति र यहाँको कानुन कसरी बन्छ भन्ने विषय चासो लाग्न थालेको छ ।'

उनको चासोलाई यसपटकको ग्रीष्मकालीन बिदाको समयमा सदुपयोग गर्ने बहाना बन्यो मेरिल्यान्ड जनरल एसेम्बलीको प्रशिक्षार्थीका रूपमा सहभागिता जनाउने । यसलाई पाण्डेय जीवनकै महत्त्वपूर्ण अवसरका रूपमा टिप्पणी गर्छन् । पाण्डेयमात्र होइन अरू धेरै नेपाली अमेरिकन विद्यार्थीहरूले पनि उक्त कार्यक्रममा सहभागी भएर राजनीतिका बारेमा जानकारी लिएका थिए । वर्षमा ९० दिन अधिवेशन गरेर मेरिल्यान्ड राज्यलाई आवश्यक पर्ने कानुन बनाउने, बजेट तर्जुमा गर्ने मुख्य काम गर्दै आएको मेरिल्यान्ड जनरल एसेम्ब्लीले निर्वाचित जनप्रतिनिधिका क्षेत्रमा पर्ने विद्यालय तहका विद्यार्थीलाई



अमेरिकाको मूलधारको राजनीतिमा क्रियाशील रहँदै आएका मेरिल्यान्ड राज्यका विधायक डा. ह्यारी भण्डारी वर्तमानमा हासिल गरेको अनुभव, सिकेको सीप र प्राप्त बौद्धिकतालाई अर्को पुस्तामा रूपान्तरण गर्नु प्रजातन्त्रको उत्कृष्ट अभ्यास भएको बताउँछन्

कानुन निर्माणको प्रक्रियामा अभ्यस्त गराउनका लागि प्रशिक्षार्थीका रूपमा आवेदन माग गर्ने गर्दछ । सोही आवेदनका आधारमा विद्यार्थीलाई नमूना संसद्को अभ्याससमेत गराएर संसद्कै झल्को दिनेगरी शिक्षित बनाउने गरिन्छ ।

अमेरिकाको मूलधारको राजनीतिमा क्रियाशील रहँदै आएका मेरिल्यान्ड राज्यका विधायक डा. हचारी भण्डारी वर्तमानमा हासिल गरेको अनुभव, सिकेको सीप र प्राप्त बौद्धिकतालाई अर्को पुस्तामा रूपान्तरण गर्नु प्रजातन्त्रको उत्कृष्ट अभ्यास भएको बताउँछन् । यसपटक हामीहरूले पनि आवेदन माग गरेर विद्यार्थीहरूलाई यसको प्रक्रियाका बारेमा जानकारी गराएका थियौं । विभिन्न विद्यालयमा अध्ययनरत ५१ जना विद्यार्थीले उक्त इन्टर्नमा भाग लिएका थिए । मेरिल्यान्ड जनरल एसेम्ब्लीले गर्ने विभिन्न कार्यका बारेमा जानकारी दिने उद्देश्यले माध्यमिक तथा कलेज तहका विद्यार्थीका लागि ग्रीष्म ऋतुको समयमा आयोजित इन्टर्न कार्यक्रममा सहभागी विद्यार्थीलाई दीक्षितसमेत गरिएको थियो । यस किसिमको अभ्यासलाई विद्यार्थीले अतिरिक्त क्रियाकलापका रूपमा प्रस्तुत गर्नसक्ने विद्यालयले जनाएको छ ।

कुराकानीका क्रममा भण्डारीले भने, 'मानव जीवन कुनै पनि विषय र आफ्नो चासो भएका विषयमा अध्ययनका लागि अनन्त प्रयासबाट मात्र सम्भव हुन्छ, तसर्थ भावी पिँढीले किताबी र व्यावहारिक ज्ञानलाई सँगै लैजान सकून् भनेर यसप्रकारको इन्टर्न कार्यक्रममा फलदायी हुने र विद्यार्थीहरूलाई एक असल नागरिक बन्नका लागि उत्प्रेरित गर्ने पाएको छु ।'

विगत छ वर्षदेखि मेरिल्यान्ड जनरल एसेम्ब्लीमा सरकार सञ्चालन तथा स्वास्थ्य समितिमा बसेर आफैंले नेतृत्व गरेको विभिन्न २३ वटा विधेयक निर्माण गरिसकेका भण्डारीले यो कार्यक्रम जिज्ञासु स्वभाव हुने विद्यार्थीका लागि निकै उपयोगी हुने बताए । उनले भने, 'कानुन निर्माण गर्ने विधि र प्रक्रिया तथा हामीहरूले हासिल गरेको अनुभव विद्यार्थी भाइबहिनीहरूसँग साट्न पाउनु र उनीहरूलाई थप जानकारी दिन पाउनु अवश्य नै एउटा महत्त्वपूर्ण नागरिक सहभागिताको अभ्यास हो । प्राप्त अनुभव र सीप दोस्रो पुस्तामा जति रूपान्तरित गर्न सक्यौं, त्यति नै समाजलाई गतिशील र प्रभावकारी बनाउन सकिन्छ भन्ने विश्वासका साथ काम गरेका छौं ।'

(क्रमशः पृष्ठ २ मा)




पृष्ठ १ बाट क्रमशः

## संसद्मा...

उनले बिलिङबिनै उद्योगीलाई हचुवा तालमा महसुल उठाउन विद्युत् प्राधिकरणले खोजेको भन्दै उद्योगीको भाषाशैलीमा बोल्ने गरेको आरोपकोसमेत सामना गर्दै आएका छन् । तर, पाखरेलले यसको खण्डन गर्दै आफ्नो भनाइ असत्य प्रमाणित ठहरिए टुँडिखेलमा झुण्डिनका लागि तयार रहेको भन्न भ्याए । 'मेरा भनाइ असत्य प्रमाणित गरिदिनुस् । टुँडिखेलमा झुण्डिन पनि तयार छु,' सभापति पोखरेलले भने ।

आफू सही भएको दाबी गर्ने क्रममा उनी प्राधिकरणका साथै अख्तियार दुरूपयोग अनुसन्धान आयोगमाथि पनि खनिए । प्राधिकरणले व्यवसायीसँगको मिलेमतोमा बिल बनाउने गरेका कारण यो विषय पेचिलो बन्न पुगेको र यो विवाद समाधानका लागि संसदीय समितिले दिएको निर्देशन अख्तियारले कार्यान्वयन गर्न अटेरी गरेको आरोप लगाए । 'प्राधिकरणले व्यवसायीसँगको मिलेमतोमा बिल बनाउने गरेका कारण यो विषय अहिलेसम्म नसल्टिएको हो । प्राधिकरणले आफूलाई आवश्यक नै नपर्ने सामग्री किनेको छ । ती सामग्रीमाथि घाँस उम्रिएको तपाईं हामी सबैले देखेका छौं,' उनले भने, 'अख्तियारमाथि पनि प्रश्न उठेको छ । समितिले २०७६ मा दिएको निर्देशन अख्तियारले कार्यान्वयन गरेन ।'

पोखरेलले यसक्रममा पूर्वप्रधानमन्त्री तथा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाललाई लाञ्छित गरे । उनले १६ अर्ब रूपैयाँ उद्योगीलाई महसुल बक्यौतामा छुट दिएको आरोप लगाए । मन्त्रिपरिषद्बाटै विवादास्पद निर्णय गराएको बताए । त्यसमा प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङको मुख्य भूमिका रहेको दाबी गरे । जबकि, प्रधानमन्त्री ओली र उनी उद्योगी व्यवसायीलाई बक्यौता रकममा अझै छुट दिने पक्षमा छन् । त्यसका लागि पोखरेलको उद्योगीसँग उठ्बस हुँदै आएको आरोप छ ।

माओवादी केन्द्रका सांसद महेन्द्रबहादुर शाहीले डेडिकेटेड र ट्रंक लाइनको बक्यौता रकम असुलीबारे छानबिन गर्न संसदीय छानबिन समिति गठन गर्न सरकारसँग माग गरेका छन् । मंगलबार प्रतिनिधिसभा बैठकमा सांसद शाहीले डेडिकेटेड र ट्रंक लाइनको बक्यौता रकम असुलीको विषय राष्ट्रिय बहसको विषय भएकाले यसको छानबिनका लागि संसदीय समिति नै गठन गर्नुपर्ने बताएका हुन् । सांसद शाहीले कोभिडका बेलामा घाटामा गएका उद्योगहरूलाई विशेष छुट दिनुपर्ने कारण भए पनि अन्य अवस्थामा छुट दिने कुरा मान्य नहुने पनि बताए ।

'विद्युत् महसुल तिर्ने कि नतिर्ने भन्ने विषयमा पनि संसद्मा उठेको छ । यसमा धेरै बहसको जरुरी नै छैन । यसको निराकरण के हो ? यसको खोजी गरौं । यसका लागि हाम्रो एउटा परम्पराको विकास पनि भएको छ । केही सामान्य विषय उठ्नेबित्तिकै संसदीय छानबिन समिति भन्ने चलन छ । यत्रो विषय उठिसकेपछि एउटा संसदीय छानबिन समिति बनाऔं,' उनले भने । बैठकमा कांग्रेस सांसद गगन थापाले पनि बिजुलीको बक्यौता रकम एक रूपैयाँ पनि छुट दिन नसकिने बताएका छन् । उनले जो कोही उद्योगी व्यवसायीबाट राज्यले असुल गर्नुपर्ने बक्यौता रकम उठाएरै छाड्नुपर्ने बताए । यस्तै, रास्वपा सांसद हरि ढकालले बक्यौता रकम उठाउन सरकारलाई निर्देशन दिन सभामुख देवराज घिमिरेसँग आग्रह गरे ।

• • •

## कुलमानविरूद्ध अख्तियारमा...

उनले ती कम्पनीसँग विद्युत् नियमन आयोगको स्वीकृतिविना पिपिए गर्दा विद्युत् नियमन आयोगको खातामा जम्मा गर्नुपर्ने उक्त रकम गुमाउनुपरेको आरोप लगाएका हुन् । विद्युत् खरिद सम्झौतामा सहमति दिँदा विद्युत् नियमन आयोगले शुल्क लिनुपर्छ । उक्त रकम पाएपछि मात्र प्राधिकरणले पिपिए गर्न पाउँछ । तर, प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले आयोग ऐन बनिसकेपछि पनि ऐनलाई नै मात खुवाउँदै आफूखुसी पिपिए गरेको खरेलले उजुरीमा उल्लेख गरेका छन् ।

आयोग ऐन बनेको एक वर्षपछि पनि प्राधिकरणले आयोगको स्वीकृतिविना नै पिपिए गरेर राज्यलाई करोडौंको नोक्सानी गराएको भनिएको छ । खरेलका अनुसार १७ मंसिर २०७४ गतेबाट विद्युत् नियमन ऐन लागू भए पनि घिसिङले ६२ वटा ऊर्जा उत्पादकसँग २०७५ मा र चारवटा ऊर्जा उत्पादकसँग २०७६ सालमा पिपिए गराएका थिए । उनले डेडिकेटेड र ट्रंकलाइनको विवादमा सरकारले गठन गरेको आयोगले तयार पारेको प्रतिवेदनको केही अंशलाई जोडेर घिसिङले तयार गरेको बिललाई फेरि हिसाब गरेर यकीन गर्न माग गरेका छन् । आयोगको प्रतिवेदनअनुसार छुट महसुलका लागि जुन बिल प्राधिकरणले पठाएको थियो, त्यो बिलमा उल्लेख गरिएको रकम नै झूठो भएको उनको दाबी छ । आयोगले नियमित महसुल बुझाउन बाँकी नरहेको भन्दै अतरिक्त महसुलमा विवाद भएको उल्लेख गरेको पनि उल्लेख छ ।

घिसिङले अर्बौं सम्पत्ति जोडेको र सम्पत्तिमाथि पनि छानबिन गर्न उजुरीमा माग गरेका छन् । खरेलले पहिल्यैदेखि नै प्राधिकरणका कार्यकारी निर्देशक घिसिङको आलोचना गर्दै आएका छन् । मंगलबार भने उनले अख्तियारमा उजुरी दायर गरेका हुन् । अख्तियार प्रवक्ता नरहरि घिमिरेले खरेलले घिसिङविरुद्ध उजुरी दिएको पुष्टि गरे । 'उहाँ (खरेल)ले उजुरी दिनुभएको छ । उजुरीउपर हामी अध्ययन गर्दैछौं,' घिमिरेले भने । केही दिनअघि प्रधानमन्त्री केपी शर्मा ओलीले घिसिङविरुद्ध अख्तियार लगाउने चर्चा चलेको थियो । नभन्दै खरेल कुलमानविरुद्ध अख्तियार गुहार्न पुगे । यसलाई कतिपयले शंकाको दृष्टिले हेरेका छन् ।

• • •

## कागजमा सीमित...

संविधानको धारा ४० को उपधारा (५) र (६) मा दलितलाई एकपटक जमिन र एकपटक आवास उपलब्ध गराउने मौलिक हकको व्यवस्था छ । मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र १९४८ ले आवासको अधिकारलाई पर्याप्त जीवनस्तरको अधिकारको मान्यता दिए पनि प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । यीनै प्रावधानसमेतलाई मध्यनजर गरी मुक्त घोषणा गरिएका हरवाचरवाले आवास तथा कृषियोग्य जमिनसहित आधारभूत अधिकार कार्यान्वयनको माग गर्दै आएका छन् । आफ्ना नाममा रहेको अनुचित ऋण खारेजीसहित मुक्तिको घोषणा गर्नुपर्ने, स्पष्ट तथ्यांक संकलन, प्रमाणीकरण र परिचयपत्र वितरण गर्नुपर्ने, पुनःस्थापना गर्दा कम्तीमा १० कट्ठा जमिन प्रदान गर्नुपर्ने र आफ्ना लागि शिक्षा, स्वास्थ्यसँगै रोजगारीसहितको पुनःस्थापना गर्नुपर्ने माग उनीहरूले गरिरहेका छन् । अध्यक्ष दशन मण्डल बधुवा श्रम र बहुआयामिक गरिबीको स्थितिमा रहेका आफूहरूलाई त्यसबाट पूर्णतया मुक्त गरेर आवश्यक सीप, औजारयुक्त आधुनिक कृषक वा श्रमिकमा रूपान्तरण गर्नुपर्ने मागको सुनुवाइ गर्न सरकारले ध्यान नदिएको गुनासो गर्छन् ।

राष्ट्रिय दलित नेटवर्कका संस्थापक अध्यक्ष गणेश विक नेपालमा विद्यमान हरवाचरवा प्रथाको अन्त्य, मुक्तहलिया र कमैयाको प्रभावकारी पुनःस्थापना, कृषि बँधुवा मजदुर प्रणालीको अन्त्य गर्दै न्यायपूर्ण श्रमसम्बन्ध कायम गर्नुपर्ने आवश्यकता औंल्याउँछन् । सबैभन्दा उत्पीडनमा रहेका हरवाचरवालगायत वर्ग तथा समुदायको सम्मानित र मर्यादित जीवनका लागि काम नभएसम्म सामाजिक न्यायमा आधारित समृद्ध नेपाल निर्माण हुन नसक्ने उनको भनाइ छ ।

'नेपालमा हलिया, कमैया, कम्लरी र सबैभन्दा पछिल्लोपटक हरवाचरवा मुक्तिको घोषणा गरियो । अरूका हकमा केही काम भएका छन् तर हरवाचरवाका हकमा मुक्तिको घोषणा गर्नेबाहेक सरकारी तवरबाट ठोस काम अगाडि बढ्न सकेन,' अधिकारकर्मी विकले भने, 'अब सरकारले ठोस योजनासहित मुक्तिको घोषणा गर्दा गरेका प्रतिबद्धता कार्यान्वयन गर्नुपर्छ । यसमा तीनै तहका सरकारको एकीकृत पहलकदमी आवश्यक छ ।'

विगतमा बाध्यात्मकरूपमा अरूका घरमा ऋण, जमिन वा पछि अन्नपात पाउने सर्तमा काम गरिरहेका कृषि मजदुरमध्ये खेत जोत्नेलाई हरवा र गाईवस्तु चराउने चरवा भन्ने गरिएको थियो । उनीहरूले यसरी अरूको कामदारका रूपमा रहँदा उचित ज्याला नपाउनुका साथै बाबुबाजेले कुनै जमानामा कुनै व्यक्तिसँग लिएको ऋणको व्याजबापत काम गरिदिनुपर्ने बाध्यता थियो । सरकारले कागजमा यी बन्धनबाट मुक्तिको घोषणा गरे पनि व्यवहारमा कार्यान्वयन हुन नसकेको आरोप सरोकार भएकाहरूले अहिले पनि लगाइरहेका छन् ।

सन् २०१३ मा विश्व श्रम संगठनले गरेको अध्ययनमा पुस्तौंदेखि न्यायिक ज्यालाविनै श्रम गर्न बाध्य हरवाचरवा नेपालमा एक लाखभन्दा बढी भएको अनुमान गरिएको छ । हाल 'द फ्रिडम फन्ड तथा सिएसआरसी'ले गरेको अध्ययनले उनीहरू अनियमित ऋणका कारण अझै पनि बँधुवाका रूपमा रहेको तथ्य जनाएको छ । रासस

• • •

## अमेरिकामा राजनीतिक...

अमेरिकाको संसदीय इतिहासमा नै मेरिल्यान्ड राज्य संसद्को अलग्गै पहिचान भएकाले यसको विषयमा, यसले गर्ने कार्यसम्पादन र भावी दिनमा गरिने योजना तर्जुमाजस्ता विषयमा विद्यार्थीले गहिरो अभिरुचि दिएर 'भर्चुअल' तथा 'भौतिक' दुवै माध्यमबाट सहभागिता जनाएकामा भण्डारीले खुसी व्यक्त गरे ।

मोगर्न स्टेट युनिभर्सिटीका प्राध्यापक डा. उत्तम गौलीले भने, 'नीति निर्माण तहको विषयमासमेत चासो दिने भाइबहिनीहरूको अध्ययनप्रतिको लगावको प्रशंसा गर्न चाहन्छु, यसले भावी पुस्तालाई राजनीतिमा आकर्षित गर्न सहयोग पुग्ने विश्वास लिएको छु ।' मेरिल्यान्डमा लामो समयदेखि बसोबास गर्दै आएका राजनीतिक तथा सामाजिक व्यक्तित्त्व डा. श्याम कार्कीले भाइबहिनीहरूले आफ्नो पढाइलाई बल पुग्नेगरी नयाँ विषयमासमेत रुचि राख्नु एउटा सुन्दर प्रयास भएको बताए । डा. कार्कीका अनुसार जीवन र जगत्सँग जोडिएको राज्य सञ्चालनसँग सम्बन्धित विषयवस्तु विद्यालय तहका विद्यार्थीले सिक्न खोज्नु आफैंमा स्वागतयोग्य कदम हो, यसलाई प्रोत्साहित गर्नुपर्दछ ।

राजनीतिमा चासो लिने तथा राज्यले सम्पादन गर्ने विभिन्न कार्यक्रमका बारेमा विद्यार्थीले अनुभव हासिल गरेका थिए । यस कार्यक्रमलाई अझ व्यापक बनाएर आगामी दिनमा धेरैभन्दा धेरै विद्यार्थीलाई समेटिने 'डेलिगेट' भण्डारीको कार्यालयले जनाएको छ । सहभागी विद्यार्थीका अनुसार कार्यक्रम निकै उपयोगी भएको र राजनीतिक विषयवस्तुसहित राज्य संसद्को ऐन, नियम निर्माण गर्ने प्रक्रियाका बारेमा पर्याप्त जानकारी हासिल गर्ने अवसर प्राप्त भएको छ, यस किसिमको अभ्यासबाट नयाँ पुस्ता लाभान्वित हुने छन् ।

अमेरिकाको पुरानो राज्य संसद्ले कानुन निर्माण तथा बजेट तर्जुमाका लागि गरिने अभ्यास, संसद्मा प्रस्तुत गरिने विल तथा यसको प्रक्रियाका बारेमासमेत सहभागी विद्यार्थीहरूले विभिन्न चरणको अभ्यास गरेका थिए । अमेरिकाको राज्य संसद्मा निर्वाचित सांसदहरूलाई 'डेलिगेट' भन्ने गरिन्छ । नागरिकले उठाएका जनसरोकारका विषयलाई समेटेर विधेयक प्रस्तुत गर्ने दायित्व डेलिगेटको हुन्छ । उनीहरूले प्रस्तुत गर्ने विधेयकलाई 'विल' भन्ने गरिन्छ । सरोकारवाला पक्ष, सरकारी तथा गैरसरकारी व्यक्तिहरू र नागरिकसँगको छलफल अन्तरक्रियापछि समितिमा पेस भएको विधेयकमाथि व्यापक छलफल भई तल्लो र माथिल्लो सदनले पारित गर्नुपर्ने व्यवस्था छ । यसरी संसद्बाट पारित भएको विधेयक गभर्नरले हस्ताक्षर गरेपछि तोकिएको मितिदेखि लागू हुने प्रावधान अमेरिकामा छ ।

अमेरिकामा बसोवास गर्ने करिब पाँच लाख नेपालीहरूमध्ये अमेरिकाको राजनीति र सरकार सञ्चालनका बारेमा चासो दिने समूह निकै न्यून रहेको देखिन्छ । खासगरी अमेरिकामा आप्रवासीका रूपमा जीवन बिताउन विभिन्न चुनौतीको सामना गर्नुपर्ने हुन्छ भने यहाँको राजनीति र सरकार सञ्चालनको विषयमा चासो राख्न उनीहरूसँग पर्याप्त समय हुँदैन तर दोस्रो पुस्ताका नेपाली अमेरिकनहरूले भने यसतर्फ चासो राख्न थालेको देखिन्छ । अझै पनि कतिपय आप्रवासीहरूले पर्याप्त सूचना तथा समयको व्यवस्थापन गर्न नसक्दा मतदानमा सरिक भएर आफूले रोजेको उम्मेदवारलाई मतदान गर्न प्रयास नगरेको देखिन्छ । अमेरिकामा हुने प्राइमरी निर्वाचन र साधारण चुनाव गरी एकै वर्षमा दुईपटक चुनावमा भाग लिनुपर्ने हुन्छ ।

सामान्यतया प्राइमरी चुनावलाई पार्टीभित्रको आन्तरिक चुनावका रूपमा र साधारण चुनाव दुई पार्टीबीचको मुख्य प्रतिस्पर्धामा हुने गर्दछ । प्राइमरी निर्वाचन पार्टीको आन्तरिक निर्वाचन भए पनि सरकारको अंगका रूपमा निर्वाचन आयोगले नै निर्वाचन गराउने गर्दछ । यसले चुनावलाई निष्पक्ष बनाउन थप मद्दत पुग्ने गरेको यहाँका मतदाताहरूको टिप्पणी रहेको छ तर पछिल्ला दिनमा दोस्रो पुस्ताका नेपाली अमेरिकनहरूले विभिन्न राज्यमा चुनावी अभियानको बेलामा पनि फोन बैंकिङ, डोर नकिङजस्ता चुनावी अभियानमा सरिक भएर यहाँको प्रणालीका बारेमासमेत जानकारी लिने प्रवृत्ति बढ्दै गएको देखिन्छ । यसलाई अझ बढी व्यापकरूपमा सहभागी बनाउनका लागि स्थानीय, राज्य र केन्द्रीय अर्थात् संघीय सरकार सञ्चालनको विषयमा अनुभव लिन चुनावी अभियानको बेलामासमेत सरिक हुन आवश्यक छ ।

त्यसो त यहाँका कंग्रेसमेन तथा सिनेटरहरूले कतिपय विश्वविद्यालयका विद्यार्थीहरूलाई वर्षको निश्चित दिन केही पारिश्रमिक दिएर प्रशिक्षार्थीका रूपमा काम सिकाउने गर्छन् । जसले भविष्यमा विभिन्न सरकारी तथा कूटनीतिक क्षेत्रमासमेत सफलतापूर्वक काम गर्न सघाउने विश्वास बढाएको छ । नागरिकको सहभागितालाई सदैव उच्च प्राथमिकतामा राखेर नीति निर्माणमा अभ्यस्त रहने अमेरिकाको प्रजातान्त्रिक प्रणाली एउटा सर्वस्वीकार्य अभ्यासका रूपमा विकसित भएको देखिन्छ । *रासस*


### श्री वेनी आधारभूत विद्यालय

सोलुदुधकुण्ड नगरपालिका-२, सालावेशी, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

**शिक्षक आवश्यकता**

सूचना प्रकाशित मिति : २०८१/०४/३०

प्रस्तुत विषयमा यस श्री वेनी आधारभूत विद्यालय सोलु दु.न.पा.-२ सालावेशी सोलुखुम्बुमा प्राथमिक तह तृतीय श्रेणी राहत दरबन्दीमा करारमा शिक्षक पदपूर्ति गर्नुपर्ने भएकोले १८ वर्ष पूरा भई ४० वर्ष ननाघेका तपशिल बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट ७ (सात) दिनको म्याद राखी रीतपूर्वक दरखास्त आहान गरिन्छ ।

**तपशिल**

**तह/श्रेणी** : प्राथमिक तृतीय, राहत
**आवश्यक शैक्षिक योग्यता** : मान्यता प्राप्त शिक्षण संस्थाबाट कक्षा १२ वा सो सरह उत्तीर्ण
**नियुक्तिको प्रकार**: करार
**तलब स्केल**: नेपाल सरकारले तोके बमोजिम
**दरखास्त दिने अन्तिम मिति**: २०८१/०५/०४ गते कार्यालय समयभित्र
**दरखास्त दिने स्थान**: श्री वेनी आधारभूत विद्यालय सोलुदुधकुण्ड न.पा. २, सालावेशी, सोलुखुम्बु ।
**सम्पर्क मिति**: २०८१/०५/०५
**परीक्षा मिति**: सम्पर्क मितिका दिन जानकारी गराइने छ ।
**परीक्षा हुने स्थान**: सोलुदुधकुण्ड नगरपालिकाको कार्यालय, सल्लेरी, सोलुखुम्बु ।
**परीक्षा किसिम**: लिखित, मौखिक तथा आवश्यक परेमा प्रयोगात्मक समेत
**दरखास्त दस्तुर**: रु.२०००।- पछि फिर्ता नहुने गरी ।
**दरखास्त साथ सलग्न राख्नुपर्ने कागजातहरू**:
नागरिकताको प्रतिलिपि २/२ प्रति
सम्पूर्ण शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि २/२ प्रति
अध्यापन अनुमति पत्रको प्रतिलिपि २/२ प्रति
पाठ्यक्रम: शिक्षक सेवा आयोगले तोकेको प्राथमिक तह तृतीय श्रेणीको पाठ्यक्रम बमोजिम ।
थप जानकारीका लागि: प्रधानाध्यापक: आङ देण्डु शेर्पा ९८४२९३७८६३

**आङ देण्डु शेर्पा**
प्रधानाध्यापक

### कर्मचारी हटाइएको सम्बन्धी सूचना

यस Kapeel Manpower Pvt. Ltd. (ई.प.नं.१८५/०५७/०५८) मा कार्यरत Rajendra Devkota (Citizenship number: 27-01-75-09882) ले आफ्नो व्यक्तिगत काम विशेषका कारण हाल यस कार्यालयमा कार्यरत नरहेको हुनाले निजहरूसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजहरूसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

श्रम इजाजत नं. १८५/०५७/०५८
**Kapeel Manpower Pvt. Ltd.**
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np

### लिलाम विक्रीको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१/०४/३०**

यस सा.व.उ.स. बाट संकलित गोलिया काठ ३५४.११ क्युफिट, खयर काठ ६५.९० क्युफिट (हर्ट उड) र साल दाउरा १.५ चट्टा लिलाम विक्री गर्नुपरेकाले सूचीकृत उद्योगहरुलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीका लागि समूहमा सम्पर्क राख्न सकिनेछ । **साँगुपखेरा सा.वन उपभोक्ता समूह, म्याग्दे- ५, तनहुँ**

### काठ/दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

(**प्रथम पटक प्रकाशित मितिः** २०८१/०४/३०)

यस कर्नसवा सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व.२०८०/०८१ मा उत्पादन भई घाटगद्दीमा मौज्दात रहेको बृक्षारोपण सिसौ जातको विभिन्न ग्रेडको गोलिया थान १२१ को ७०२.११ घ.फि. गोलिया काठ तथा सोही जातको ३.०० चट्टा दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । काठ, दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरी संचालनमा रहेका तथा डिभिजन वन कार्यालयमा सुचिकृत भएका उद्योगहरूले यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको १२:०० बजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस संबन्धी बिस्तृत जानकारीका लागी यस समूहमा सम्पर्क राख्नु हुन जानकारी गराईन्छ । पूर्ण व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टांस गरिएको छ ।

**श्री कर्नसवा सामुदायिक वन उपभोक्ता समूह**
**बारबर्दिया नगरपालिका-५ धोबिया बर्दिया**

### नीलकण्ठ बहुमुखी क्याम्पस

**बोलपत्र आव्हानको सूचना**


प्रकाशित मिति: २०८१/०४/३०

यस क्याम्पसको बोलपत्र सम्बन्धी सूचना IFB No: Nil-01-081/082, http://bolpatra.gov.np/egp मा प्रकाशित गरिएको छ । विस्तृत जानकारीको लागि यस क्याम्पसमा सम्पर्क राख्नुहुन तथा सम्बन्धित Website http://bolpatra.gov.np/egp Visit गर्नुहुन अनुरोध छ ।

**थप जानकारीको लागि सम्पर्क: ९८५११६०६३७**

**क्याम्पस प्रमुख**


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

**बुधबार, ३० साउन, २०८१**

**मेष** विभिन्न उपहार प्राप्त हुने समय छ ।

**वृष** अवसर भए पनि अध्ययनमा धेरै समय दिन नसकिएलो ।

**मिथुन** अवसरका साथ चुनौती पनि देखा पर्नेछन् ।

**कर्कट** मिहिनेतको प्रतिफल अरूले हत्याउने चेष्टा गर्नेछन् ।

**सिंह** पहिलेको आम्दानी प्राप्त हुनाले उत्साह जाग्नेछ ।

**कन्या** मिहिनेतले नाम, दाम र इनाम दिलाउनेछ ।

**तुला** भविष्यका लागि सम्भावना खोजी गर्ने समय छ ।

**वृश्चिक** स्वास्थ्यका लागि आहार-विहारमा अलि सजग रहनुपर्नेछ ।

**धनु** प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ ।

**मकर** रोकिएका काम बन्नाले उत्साह जाग्नेछ ।

**कुम्भ** मिहिनेत गर्दा विशेष अवसर प्राप्त हुनेछ ।

**मीन** फाइदा हेर्दा नाम बिग्रन सक्छ ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| विशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

३० साउन, २०८१ (१४ अगस्ट, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३४.०४ | १३४.६४ |
| युरो | १ को | १४६.३४ | १४६.९९ |
| पाउन्ड स्टिर्लङ | १ को | १७०.८४ | १७१.६१ |
| स्विस फ्रैन्क | १ को | १५५.०२ | १५५.७२ |
| अस्ट्रेलियन डलर | १ को | ८८.११ | ८८.५१ |
| क्यानाडियन डलर | १ को | ९७.५४ | ९७.९७ |
| सिँगापुर डलर | १ को | १०१.२३ | १०१.६८ |
| जापानी येन | १० को | ९.१२ | ९.१६ |
| चिनियाँ युआन | १ को | १८.६९ | १८.७८ |
| साउदी अरब रियाल | १ को | ३५.७१ | ३५.८७ |
| कतारी रियाल | १ को | ३६.७६ | ३६.९३ |
| थाई भाट | १ को | ३.८१ | ३.८२ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.४९ | ३६.६६ |
| मलेसियन रिङेट | १ को | ३०.३१ | ३०.४४ |
| दक्षिण कोरियन वन | १०० को | ९.८१ | ९.८५ |
| स्विडिस क्रोनर | १ को | १२.७२ | १२.७८ |
| डेनिस क्रोनर | १ को | १९.६१ | १९.७० |
| हङकङ डलर | १ को | १७.१९ | १७.२७ |
| कुवेती दिनार | १ को | ४३७.८० | ४३९.७६ |
| बहराइन दिनार | १ को | ३५५.६१ | ३५७.२० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# डेंगु र हैजा महामारीका रूपमा फैलन नदिन स्वास्थ्य मन्त्रालयको सक्रियता

**काठमाडौं–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले देशका विभिन्न भागमा हैजा तथा डेंगुको संक्रमण देखिन थालेपछि यसलाई महामारीका रूपमा बढ्न नदिन काम थालेको छ ।

मन्त्री प्रदीप पौडेलले डेंगु तथा हैजाका बिरामी बढ्न थालेपछि मन्त्रालयका तर्फबाट तत्काल प्रभावकारी कदम चाल्न निर्देशन दिएका छन् । त्यसलगत्तै मन्त्रालयले तत्कालीन र दीर्घकालीन कदम अघि बढाएको हो । मन्त्रालयका अनुसार हैजा नियन्त्रणका लागि इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको नेतृत्वमा प्रदेश र स्थानीय तहसँग सहकार्य गर्दै प्रभावित क्षेत्रमा द्रुत प्रतिकार्य टोली परिचालित भएर काम गरिरहेको छ ।

टोलीहरूले बिरामीको खोजी र प्रत्यक्ष सम्पर्कमा रहेका व्यक्तिमा लक्षणको निगरानी गरिरहेका छन् । यसले हैजा थप फैलन नदिन र संक्रमण देखिएको स्थानमा पनि नियन्त्रण गर्ने लक्ष्य लिएको मन्त्रालयले जनाएको छ । पानीका कारण देखिने रोग नियन्त्रणका लागि खानेपानीको गुणस्तर सुधार गर्न सम्बन्धित स्थानका जिम्मेवार सरोकारवालासँग छलफल गरेर तत्काल काम थालिएको मन्त्री पौडेलको सचिवालयले जनाएको छ ।

आगामी दिनमा थप समस्या आउन नदिन केन्द्रीय, प्रदेश तथा स्थानीय तहमा र खाद्य गुणस्तर निगरानी तथा अनुगमन कार्यलाई प्रभावकारी बनाउने योजना बनाएको मन्त्रालयले राष्ट्रिय हैजा नियन्त्रण/रोकथाम योजना २०२४-३० बनाई सो सम्बन्धी आवश्यक कार्य गर्ने तयार गरिरहेको छ ।



### डेंगु फैलन नदिन लामखुट्टे नियन्त्रणमा जोड

देशका विभिन्न भागमा लामखुट्टेका कारण फैलिएको डेंगु प्रकोप नियन्त्रणका लागि लामखुट्टे नियन्त्रणमा प्राथमिकता दिइएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । यसका लागि सातै प्रदेशमा डेंगु परीक्षणका लागि प्रयोगशाला स्थापना गरी सञ्चालनमा ल्याइएको मन्त्रालयले उल्लेख गरेको छ ।

डेंगु नियन्त्रणका लागि विनियोजित १० करोड रूपैयाँबाट प्रदेशसँगै स्थानीय तहमासमेत लामखुट्टेको बासस्थान नियन्त्रण अभियानलाई तीव्रता दिइएको मन्त्रालयले उल्लेख गरेको छ । प्रशिक्षण दिएका एक हजार चिकित्सक तथा स्वास्थ्यकर्मीलाई नियन्त्रण एवं निदानमा परिचालन गरेको मन्त्रालयले संघीय अस्पताल, प्रतिष्ठान तथा मेडिकल कलेजमा डेंगु नियन्त्रणका लागि सम्पर्क व्यक्ति तोकेर समस्या देखिएमा तत्काल रोकथामको कदम चाल्ने प्रबन्ध गरेको जनाएको छ ।

हालसम्म, मुस्ताङ, डोल्पा, हुम्ला र जुम्लाबाहेक ७३ जिल्लामा तीन हजार ३०० भन्दा बढी मानिसमा डेंगु संक्रमण पुष्टि भएको छ । त्यसमा एकजनाको मृत्यु भएको छ । डेंगु नियन्त्रणका लागि संघ, प्रदेश र स्थानीय तहबीचको सहकार्यलाई सुदृढ गर्न मन्त्रालयले डेंगु रोकथाम तथा नियन्त्रण कार्ययोजना, २०८१ तयार गरी सबै प्रदेश र स्थानीय तहमा पठाइसकेको छ ।

मन्त्रालयले बढी जोखिम देखिएका १३ जिल्लाका १२६ स्थानीय तहमा डेंगु नियन्त्रणका लागि विशेष प्राथमिकता दिएर अल्पकालीन र दीर्घकालीन योजनासमेत तयार पार्ने प्रक्रिया थालेको छ । हाल डेंगु नियन्त्रणमा मन्त्रालयले डेंगुबारे जनचेतना फैलाउन नेपाली भाषासहित १३ अन्य भाषामा रेडियो सन्देश प्रसारण गरिरहेको छ । साथै बिरामीका समस्या र जिज्ञासा समाधान गर्न टोल फ्री हटलाइन ११९५ सञ्चालन गरिएको छ । मन्त्रालयले डेंगु परीक्षणका लागि पर्याप्त निःशुल्क किट उपलब्ध गराउँदै जोखिममा रहेका जिल्लामा डेंगु रोकथाम तथा नियन्त्रण कार्ययोजना २०८१ समेत कार्यान्वयनमा ल्याएको छ । *रासस*

# स्थानीय तह उपनिर्वाचनको तयारीमा आयोग

**काठमाडौं (प्रस)–** निर्वाचन आयोगले स्थानीय तहमा उपनिर्वाचनको तयारी सुरु गरेको छ । नगरपालिका प्रमुख, उपप्रमुख तथा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष तथा वडाध्यक्ष गरी रिक्त रहेका ३४ पदका लागि उपनिर्वाचनको तयारी सुरु भएको जनाएको छ ।

आयोगले मंगलबार एक सूचना जारी गर्दै उपनिर्वाचनका लागि मतदाता नामावालीमा नाम दर्ता गर्न आह्वान गरेको छ । स्थानीय तह निर्वाचन ऐन, २०७३ बमोजिम रिक्त पदमा पदावधि एक वर्षभन्दा बढी रहेको अवस्थामा उपनिर्वाचन हुने व्यवस्था छ ।

आयोगका प्रवक्ता रघुराम विष्टले गाउँपालिका तथा नगरपालिकाका यस्ता पदहरू रिक्त हुँदा आमनागरिकलाई सेवा प्राप्तिमा असुविधा हुने विषयलाई समेत मध्यनजर गर्दै उपनिर्वाचनका लागि आयोगले आन्तरिक तयारी गरिरहेको जानकारी दिए ।

'निर्वाचनका लागि मतदाता नामावली आधारभूत तत्त्व रहेको र मतदाता नामावली ऐन, २०७३ को दफा ४ (२) बमोजिम निर्वाचनको मिति तोकिएपछि मतदाता नामावलीमा नाम दर्ता स्थगित गर्नुपर्ने कानुनी व्यवस्था छ,' सूचनामा भनिएको छ, 'उपनिर्वाचनको मिति घोषणा गर्नुपूर्व मतदाता नामावलीमा नाम दर्ता तथा अद्यावधिक गर्न सबैमा आग्रह गर्दछ ।' आयोगले आफूलाई पायक पर्ने प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयमा अनलाइन फाराम भरी नियमितरूपमा मतदाता नामावली दर्ताको व्यवस्था मिलाएबमोजिम योग्यता पुगेका सबै नेपाली नागरिकलाई नाम दर्ता गर्न आह्वान गरेको छ ।


**मण्डनदेउपुर नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
महादेवस्थान, काभ्रे
फोन नं.०११-४१२११४

**भवन अभिलेखीकरण/नियमित गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना**

प्रकाशित मिति: (२०८१/०४/३०)

यस नगर क्षेत्रभित्रका पुराना घर नक्सा अभिलेखीकरण/नियमित गर्ने सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ७, दफा ४२ मा "नक्सा पास सम्बन्धी विशेष व्यवस्था" अन्तर्गत "यो ऐन प्रारम्भ हुनुअघि तत्काल प्रचलित कानून बमोजिम नक्सा पास गर्नु पर्नेमा नक्सा पास नगरी वा पास भएको नक्सामा स्वीकृति बेगर हेरफेर गरी बनाएको भवनको हकमा भवन निर्माण सम्बन्धी मापदण्ड र संहिता पालना भएको रहेछ भने नगरपालिकाले यो ऐन प्रारम्भ भएपछि एक पटकको लागि सम्बन्धित व्यक्तिलाई पैतीस दिनको म्याद दिई प्रमाणसाथ दरखास्त दिनको लागि सार्वजनिक सूचना प्रकाशन गर्ने" भन्ने व्यवस्था बमोजिम नक्सा पास नभएका घरधनीहरुले यो सूचना प्रकाशित भएको मिति देखि ३५ (पैतिस) दिनभित्र यस नगरपालिका नगरकार्यपालिकाको कार्यालय वा सम्बन्धित वडा कार्यालयमा नक्सा अभिलेखीकरण/नियमितको निवेदन पेश गर्नुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, नक्सा पास नगरी निर्माण भएका भवनको अभिलेखीकरण/नियमित समेत नभएमा प्रचलित कानून बमोजिम जुनसुकै बखत हटाउन सकिने व्यहोरा समेत यही सूचना मार्फत जाकारी गराइन्छ ।

**मण्डनदेउपुर नगरपालिका**



**उन्नतिशिल बहुउद्देश्यीय सहकारी संस्था लि.**
का.म.न.पा-१५, स्वम्भु, काठमाडौं
फोन नं.:०१-५२४७२८३, Email: unnatishilcooperative@gmail.com

**धितो लिलामी गर्ने बारे ३५ दिने अत्यन्त जरुरी सूचना**

(प्रकाशित मिति २०८१/०४/२५ गते)

तपशिलमा उल्लेखित ऋणीले यस उन्नतिशिल बहुउद्देश्यीय सहकारी संस्थाबाट उपभोग गरेको कर्जाको सावाँ, ब्याज र हर्जना रकम तिर्न बुझाउन पर्नेमा नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित सूचना र पत्रद्वारा ताकेता गर्दा साथै मिति २०८०/०७/१६ गते राष्ट्रिय दैनिक पत्रिका आर्थिक मा कर्जा चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत संस्थालाई तिर्नु बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, हर्जना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले संथालाई ऋण सुरक्षण बापत लेखाई दिएको तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पत्ति लिलाम बिक्री गरी संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गरी लिनका लागि यो धितो लिलाम बिक्री सम्बन्धि ३५ दिने सूचना प्रकाशित गरिएको छ । अतः उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पत्ति लिलाम बिक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघसंस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र आफुले कबोल गरेको रकम सहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन अनुरोध गर्दछौं । लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पती कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, सहकारी ऐन २०७४ तथा प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पति यस संस्था आफैले सकार गरी लिने व्यहोरा समेत सम्बधित सबैलाई जानकारी गराईन्छ । धितो लेखि दिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा संस्था आफैले सकार गर्दा साबिकमा संस्थाबाट भएको मुल्याङ्कन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा संथा आफैले सकार गरी लियो भनी कहीं कतै उजुर बाजुर गर्न पाउने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पत्तिबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा सूचित गराईन्छ ।

**तपशिल**

| क.स. | ऋणीको बिवरण | धन जमानत दिनेको बिवरण |
|---|---|---|
| १. | नाम: रमेश सापकोटा<br>बाबुको नाम: नुतन प्रसाद सापकोटा<br>बाजे: चेतनाथ सापकोट<br>ठेगाना: बेलकोट-९, नुवाकोट<br>हाल: काम्रेस्थली-५, काठमाडौं<br>ना.प्र. नं.: ७८५०० /जि.प्र.का./नुवाकोट<br>जारी मिति: २०५९/०४/०५ | नाम: सजना बिडारी<br>पतिको नाम: रमेश सापकोटा<br>ससुरा: नुतन प्रसाद सापकोट<br>ठेगाना: बेलकोट-९, नुवाकोट<br>हाल: काम्रेस्थली-५, काठमाडौं<br>ना.प्र.नं.: ३११०३४/७९९४४/जि.प्र.का./नुवाकोट<br>जारी मिति: २०६७/१०/२८ |
| **धितोको विवरण** | | |
| रमेश सापकोटाको नाममा मालपोत कार्यालय कास्कीमा दर्ता कायम रहेको कास्की जिल्ला पोखरा उपमहानगरपालिका वडा नं. १७ को कि.न१४ को क्षेत्रफल १९७५.४० व.मी र कि.नं. ४६ को क्षेत्रफल २३१.३० व.मी.को जग्गाहरु । | | |
| | ऋणीको बिवरण | धन जमानत दिनेको बिवरण |
| | नाम: तेन्जेन तामाङ<br>बुवाको नाम: मामी तामाङ<br>बाजेको नाम: दामे तामाङ<br>ठेगाना: थ्रीढ्मि-६, रसुवा<br>हाल: नागार्जुन न.पा.-२, काठमाडौं<br>ना.प्र.नं.: १३२/४६८/जि.प्र.का./रसुवा<br>जारी मिति: २०४५/०१/०६ | नाम: ठिन्जेन तामाङनी<br>पतिको नाम: मामी तामाङ<br>ससुराको नाम: दामे तामाङ<br>ठेगाना: थ्रीढ्मि-६, रसुवा<br>हाल: नागार्जुन न.पा.-२, काठमाडौं<br>ना.प्र.नं.: १३४/२०६/जि.प्र.का./रसुवा<br>जारी मिति: २०६७/१०/२८ |
| **धितोको विवरण** | | |
| तेन्जेन तामाङको नाममा मालपोत कार्यालय कलंकीमा दर्ता कायम रहेको काठमाडौं जिल्ला सीतापाईला गा.वि.स. वडा नं.८ को कि.नं. १५५ को क्षेत्रफल ७९.४७ व.मी जग्गा | | |

**धितो लिलाम बिक्रीको शर्त तथा बन्देजहरु:**

(१) बोलपत्र फारम यस संस्थाको कार्यालयबाट रु ५००/- (अक्षेरुपी पाँच सय) फिर्ता नहुने गरी खरिद गर्न सकिने छ ।
(२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फारममा आफुले लिन चाहेको अचल सम्पत्तिको विवरण यस संस्थाबाट प्रकाशित सूचनाको आधारमा नै भर्नु पर्नेछ । उल्लेखित अचल सम्पत्तिको स्पष्ट विवरण उल्लेख गरी सो को मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ । अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिइने छ ।
(३) बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम उन्नतिशील बहुउद्देश्यीय सहकारी लिमिटेडको नाममा राष्ट्रिय सहकारी बैंकको गोंगबु शाखाको खाता नं. २०-०००२७-६ मा जम्मा गरेको सक्कल भौचर साथ बोलपत्र साथ पेश गर्नुपर्ने छ ।
(४) लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै संस्थाको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिने छ । साथै सोही अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।
(५) बोलपत्र स्वीकृत भएको सूचना पाएको ३५ दिन भित्र सम्पूर्ण रकम बुझाई अचल सम्पत्ति आफ्नो नाउँमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुने छ । रजिष्ट्रेशन गर्ने अड्डामा लाग्ने सरकारी दस्तुर, पूँजिगत लाभकर लगायत अन्य सम्पूर्ण दैदस्तुर घरजग्गा खरिद गर्ने खरिदकर्ताले व्यहोर्नु पर्नेछ ।
(६) बोलपत्र दाखिला भै सकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुनेछैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म समान्यतया धरौटी रकम फिर्ता दिइने छैन ।
(७) रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
(८) बोलपत्र स्वीकार वा अस्वीकार गर्ने र लिलाम सम्बन्धि सम्पूर्ण निर्णय गर्ने अधिकार संस्थामा निहीत रहनेछ ।
(९) बोलपत्र सदर बदर हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिने छ । धरौटी स्वरुप राखेको रकममा ब्याज दावी गर्न पाईने छैन ।
(१०) लिलाम सूचना प्रकाशित मितिले ३५ दिन भित्र बोलपत्र पेश गर्न सकिनेछ । उक्त दिन बिदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र पेश गर्न सकिने छ । लिलाम सूचना प्रकाशित मितिले ३६ औं दिनको ३:०० बजे संस्थाको कार्यालयमा बोलपत्र खोलिने छ । यदि ३६ औं दिनमा सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिनमा उल्लेखित समयमा बोलपत्र खोलिने छ । १५ दिन सम्म ऋणी वा धितो वालाले संस्थाको ऋण चुक्ता बुझाई धितो फुकुवा लैजान सक्ने छ ।
(११) प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । यदि बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थिति नभएमा बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।
(१२) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।


**मिडिया काउन्सिल विधेयक**

# सरोकारवालासँग राय लिएर अगाडि बढ्ने सञ्चारमन्त्रीको भनाइ




**काठमाडौं (प्रस)–** सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले मिडिया काउन्सिलको पदाधिकारी छनोट समिति र अध्यक्षलाई भ्रष्टाचार लागेको खण्डमा पदपूर्ति गर्ने प्रक्रियाबारे सरोकारवालासँगको राय सुझावका आधारमा अघि बढ्ने बताएका छन् ।

राष्ट्रिय सभाअन्तर्गतको विधायन व्यवस्थापन समितिको मंगलबारको बैठकमा दफावार छलफलका क्रममा समिति सदस्यहरूले राखेको जिज्ञासामा उनले काउन्सिल विधेयकको समिति छनोट र अध्यक्षलाई भ्रष्टाचार लागेमा पदपूर्ति गर्न सकिने वा नसकिने भन्ने विषय निकै पेचिलो भएकाले सरोकारवालाबाट राय लिन उचित हुने बताए । छनोट समितिमा मन्त्रालयको सचिव राख्दैमा प्रेस स्वतन्त्रता र स्वायत्ततामा असर नहुने मन्त्री गुरुङले धारणा राखे । 'सिफारिस समितिमा मन्त्रालयका सचिव रहँदा प्रश्न उठाउनुपर्ने कुनै कुरा छैन,' उनले भने, 'पत्रकारलाई सकभर स्वायत्त र स्वतन्त्र बनाउन हामी सबै प्रतिबद्ध छौं ।'

मन्त्रालयकी सचिव राधिका अर्यालले अध्यक्षलाई भ्रष्टाचार अभियोगको मुद्दा लागेमा तीन महिनाभित्र पदपूर्ति गर्ने विषय के-कति व्यावहारिक र कानुनसम्मत हुन्छ भन्ने विषय सवैपक्षबीच गहन छलफलपछि निष्कर्षमा पुऱ्याउनु उचित हुने धारणा राखिन् । 'कार्यवाहक अध्यक्ष राख्दा कार्यालयको दैनिक कार्यसम्पादन जिम्मेवारीपूर्ण गरिएको हालसम्मका कतिपय अभ्यासबाट देखिएन,' उनले भनिन् ।

समिति सभापति जयन्तीदेवी राईले मिडिया काउन्सिल विधेयकमा धेरै विषयमा सहमति जुटिसकेकाले केही दिनमै टुंगोमा पुग्ने विश्वास व्यक्त गरिन् । बैठकमा समिति सदस्यहरू कृष्णबहादुर रोकाय, कृष्णप्रसाद सिटौला, राजेन्द्रलक्ष्मी गैरे, डा. वेदुराम भुसाल, मायाप्रसाद शर्मा, तुलसाकुमारी दाहाल, भगवती न्यौपाने, गंगाकुमारी बेलबासे, गोपीबहादुर सार्की अछामीलगायतले विधेयकका विभिन्न दफामा रहेका प्रावधानबारे स्पष्टताका लागि जिज्ञासा राखेका थिए ।


**धितोपत्र दर्ता तथा निष्काशन नियमावलि २०७३, (अनुसुची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)**

आ.व. २०८०/८१ को चौथो त्रैमासिक प्रतिवेदन

**Eastern Hydro Power Limited Jwagal-10, Lalitpur, Nepal**
**Unaudited Financial Report (Quarterly)**
**4th Quarter as on 31st Ashadh, 2081, F/Y 2080/81**

*Figure in NPR*

| Particulars | This Quarter Ending Ashadh 2081 | Previous Quarter Ending Chaitra 2080 | Corresponding perviuous year Quarter ending Ashadh 2080 |
|---|---|---|---|
| **Assets** | | | |
| **Non current Assets** | | | |
| Property Plant and Equipment | 794,027 | 845,340 | 1,749,029 |
| Intangible Assets | 1,062,264,238 | 1,075,263,833 | 1,111,523,695 |
| Other Non Current Assets | | | - |
| **Total Non Current Assets** | **1,063,058,265** | **1,076,109,173** | **1,113,272,723** |
| **Current Assets** | | | |
| **Financial Assets** | | | |
| Trade & Other Receivables | 52,674,195 | 48,724,024 | 53,116,642 |
| Short Term Loans & Advances | 64,625 | 60,345 | 990,395 |
| Cash and Cash Equivalent | 10,564,941 | 32,123,204 | 13,553,453 |
| **Other Current Assets** | 1,109,646 | 1,109,646 | 1,271,338 |
| **Total Current Assets** | **64,413,408** | **82,017,219** | **68,931,827** |
| **Total Assets** | **1,127,471,673** | **1,158,126,392** | **1,182,204,551** |
| **Equity and Liability** | | | |
| **Equity** | | | |
| Share Capital | 620,000,000 | 620,000,000 | 620,000,000 |
| Reserve and Surplus | (176,341,221) | (159,446,734) | (162,845,756) |
| **Total Equity** | **443,658,779** | **460,553,266** | **457,154,244** |
| **Liability** | | | |
| **Non Current Liabilities** | | | |
| Financial Liabilities | | | |
| Loans and Borrowings (Long Terms) | 635,724,703 | 636,165,920 | 664,798,671 |
| Lease Liabilities | 221,105 | 221,105 | 221,105 |
| **Total Non Current Liabilities** | **635,945,808** | **636,387,025** | **665,019,777** |
| **Financial Liabilities** | | | |
| Loans and Borrowings (Short Term) | 29,073,968 | 32,744,084 | 22,655,040 |
| Trade and other Payables | 3,599,073 | 3,531,740 | 4,083,849 |
| Retention Liabilities | 1,307,204 | 1,307,204 | 3,420,492 |
| Other Current Liabilities | 13,886,840 | 23,603,072 | 29,871,149 |
| **Total Current Liabilities** | **47,867,085** | **61,186,100** | **60,030,530** |
| **Total Liability** | **683,812,894** | **697,573,126** | **725,050,307** |
| **Total Equity and Liability** | **1,127,471,673** | **1,158,126,392** | **1,182,204,551** |

**Unaudited Income Statement**
**For the period 1st Shrwan 2080 to 31st Ashadh 2081**

| Particulars | This Quarter Ending Ashadh 2081 | Previous Quarter Ending Chaitra 2080 | Corresponding perviuous year Quarter ending Ashadh 2080 |
|---|---|---|---|
| **Revenue from operation** | 112,051,295 | 93,522,941 | 119,555,259 |
| Cost of Sales | 18,246,205 | 10,083,981 | 16,598,223 |
| **Gross Profit** | **93,805,090** | **83,438,961** | **102,957,036** |
| Other Income | 210 | - | 5,000 |
| **Expenses** | | | |
| Employee Benefits | 839,370 | 291,150 | 401,140 |
| Administrative Expenses | 2,226,165 | 1,983,950 | 2,776,051 |
| IPO Issue Expenses | - | - | 6,269,291 |
| Depreciation and Amortization Expenses | 50,017,027 | 37,210,876 | 50,017,027 |
| **Total Expenses** | **53,082,562** | **39,485,976** | **59,463,510** |
| **Profit Before Financial Cost, Bonus &** | **40,722,738** | **43,952,985** | **43,498,527** |
| Finance Cost | 54,218,202 | 40,553,962 | 58,271,265 |
| **Profit Before Bonus & Tax** | **(13,495,465)** | **3,399,022** | **(14,772,738)** |
| Staff Bonus | - | - | - |
| **Profit Before Tax (PBT)** | **(13,495,465)** | **3,399,022** | **(14,772,738)** |
| Income Tax Expenses | - | - | - |
| **Profit for the Period** | **(13,495,465)** | **3,399,022** | **(14,772,738)** |

Notes: The figures are regrouped and rearranged where necessary.
The Unaudited Financial figure are subject to change from external auditors and regulatory authority.

**धितोपत्र दर्ता तथा निष्काशन नियमावलि २०७३**
**,(अनुसूची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)**
**आ.व. २०८०/८१ को चौथो त्रैमासिक प्रतिवेदन**

**१ वित्तीय विवरण**

क. आ.व. २०८०/८१ को तेस्रो त्रैमासिक अवधिको वासलात तथा नाफा नोक्सान हिसाब किताब मिति २०८१/०४/३० गतेको प्रभाव राष्ट्रिय दैनिकमा प्रकाशित गरिएछ ।
ख. उक्त वासलातको आधारमा कम्पनीको मुख्य वित्तिय अनुपात निम्नानुसार छन् ।

| | | | |
|---|---|---|---|
| प्रति शेयर आम्दानी | (२।१८) | प्रति शेयर कुल सम्पत्तिको मुल्य | १८१।८५ |
| प्रति शेयर नेटवर्थ | ७१।५६ | मुल्य आम्दानी अनुपात | (२५२।७२) |
| तरलता अनुपात | १।३५ | | |

**२. व्यवस्थापकीय विश्लेषण :**
यस त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा उल्लेखनिय परिवर्तन छैन । कम्पनीको व्यवसायिक योजना अनुरुप नै कार्यहरु हुँदैछन् । यस त्रैमासिक अवधिमा विद्युत बिक्रीबाट हुने आम्दानी सन्तोषजनक रहेको पाईएको छ ।

**३. कानुनी कारवाही सम्बन्धी विवरण :**
यस त्रैमासिकमा संस्थाले कसै विरुद्ध र कसैले संस्था विरुद्ध साथै संस्थापक र सञ्चालक विरुद्ध कुनै मुद्धा मामिला परे/गरेको छैन ।

**४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण:**
धितोपत्र बजारमा संस्थाको शेयर कारोबार निम्नानुसार सामान्य प्रकृतियाँट भएको छ । यस त्रैमासिक अवधिमा संस्थाको अधिकतम, न्यूनतम, अन्तिम मूल्य कारोबार भएको कुल दिन तथा कारोबार संख्या स्टक एक्सचेन्ज लि. को वेबसाईट अनुसार:

| | | | |
|---|---|---|---|
| अधिकतम मूल्य रु. | ६१८।१० | अन्तिम मूल्य रु. | ५५०।१० |
| न्यूनतम मूल्य रु. | ४३१।८० | कारोबार दिन | ६१ |
| कारोबार संख्या | ८,३७४ | | |

**५. समस्या तथा चुनौती :**
संस्थाले वहन गर्नु परेको समस्यामा विद्युत बिक्री मूल्य समायोजना हुन नसक्नु हो । विद्युत बिक्री मूल्य समय समयमा वृद्धि हुँदा पनि साना खाले विद्युत आयोजनाको मूल्य समाहीत हुन नसक्नु यस क्षेत्रको चुनौती बनेको छ । आइपर्ने समस्या र चुनौती समाधानका उपायहरु बारे सञ्चालक समितिले समय समयमा समिक्षा गरि रणनीति बनाई सो को निराकरण गर्न खोजेको छ ।

**६. संस्थागत सुशासन :**
संस्थागत सुशासनका लागि व्यवस्थापनले कर्मचारी वृत्ति विकास, आवश्यक कार्यकक्ष र सामाग्रिहरुको समुचित व्यवस्था कार्यका लागि उचित वातावरण तयार गर्ने गरेको छ ।

**७. सत्य, तथ्यता सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण :**
आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरु सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएको छैन ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### हरवाचरवालाई न्याय देऊ

सरकारले हचुवाको भरमा विभिन्न घोषणा गर्ने तर कार्यान्वयन गर्न चासो नदिने प्रवृत्ति हरेक क्षेत्रमा छ । त्यसैले सरकारका घोषणाहरू अलपत्र परिरहेका यत्रतत्र भेटिन्छन् । सरकार अस्थिर बन्दा झन् यो समस्या विकराल बनेको छ । एउटा सरकारले ल्याएको योजना र गरेको घोषणा अर्को सरकार आउनेबित्तिकै अलपत्र पर्ने गरेको छ । अस्थिर राजनीतिले मुलुकको नीति नै अस्थिर बनाएको छ । यो वर्षौंदेखिको समस्याले मुलुकको आर्थिक, सामाजिक रूपान्तरणमा ठूलो अवरोध पुऱ्याइरहेको छ ।

सरकारले घोषणा गरेर कागजमै सीमित पारेकामध्ये एउटा हो, हरवाचरवाको मुक्ति । तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकारले २०७९ साउन २ गते गरेको हरवाचरवा मुक्तिको घोषणा कागजमै सीमित बनेको हो । नेपालको संविधानले मौलिक हक तथा मानवअधिकार संरक्षण र सम्वर्द्धनसम्बन्धी प्रावधान, दासता, बाध्यकारी श्रम, बालश्रम तथा मानव बेचबिखनलाई निषेधित र दण्डनीय मानेको छ । दासत्व अभ्यासको विधिवत् अन्त्य र दासमुक्तिको एक शताब्दी बित्दासमेत समाजमा कुनै न कुनै रूपमा समस्या कायमै रहेको छ । संविधानको धारा २९ शोषणविरुद्धको हकअन्तर्गत उपधारा (३) र उपधारा (४) मा कसैलाई पनि बेचबिखन गर्न, दास वा बाधा बनाउन र कसैलाई पनि निजको इच्छाविरुद्ध काममा लगाउन नपाइने प्रावधान छ । तर, विशेषगरी मधेस प्रदेशमा रहेको हरवाचरवा प्रथामा भने अहिले पनि बाध्यकारी श्रमको अवस्था कायमै रहेको सरोकारवालाहरूको भनाइ छ । सरकारले गरेको घोषणाअनुसार पुनःस्थापनाका कुनै काम अगाडि नबढेपछि यतिबेला उनीहरू चिन्तित बनेका छन् ।

मुक्तिको घोषणा गर्दा सरकारले तथ्यांक संकलन, वर्गीकरण र सो आधारमा परिचयपत्र दिएर न्यायिक पुनःस्थापना गर्ने, ऋण मिनाहा गरी मर्यादित जीवन, सामाजिक सशक्तीकरण, समावेशीकरण, शिक्षा, स्वास्थ्य, रोजगारी तथा सामाजिक सुरक्षाका मुद्दा सम्बोधन गर्ने प्रतिबद्धता जनाएको थियो । त्यो अहिलेसम्म पूरा भएको छैन ।

विगतमा बाध्यात्मकरूपमा अरूका घरमा ऋण, जमिन वा पछि अन्नपात पाउने सर्तमा काम गरिरहेका कृषि मजदुरमध्ये खेत जोत्नेलाई हरवा र गाईवस्तु चराउने चरवा भन्ने गरिएको थियो । उनीहरूले यसरी अरूको कामदारका रूपमा रहँदा उचित ज्याला नपाउनुका साथै बाबुबाजेले कुनै जमानामा कुनै व्यक्तिसँग लिएको ऋणको ब्याजबापत काम गरिदिनुपर्ने बाध्यता थियो । सरकारले कागजमा यी बन्धनबाट मुक्तिको घोषणा गरे पनि व्यवहारमा कार्यान्वयन हुन सकेको छैन । अहिले देउवा प्रधानमन्त्री नभए पनि उनी नेतृत्वको दल नेपाली कांग्रेस सरकारमा छ । उनकै सहयोगमा नेकपा एमालेका अध्यक्ष केपी ओली प्रधानमन्त्री छन् । कांग्रेस–एमालेको यो सरकार विगतमा गरेका घोषणा कार्यान्वयनमा जिम्मेवार बनोस् ।

## मननयोग्य

### चाणक्य नीति

यो आदेश पाएर त्रिनेत्र हिंडे । महामात्य शकटारलाई बोलाई यही सूचनाको झ्याली पिटाउन निर्देशन गरे । त्यसपछि चाणक्यले चन्द्रगुप्तपट्टि फर्किंदै भने- 'देख्यौ तिमीले ! वास्तविक युद्ध अब हुन्छ । राक्षसको अनुपम बुद्धि-चातुर्यले पाइला-पाइलामा हाम्रा लागि षड्यन्त्र खडा गर्छ । यस किसिमको षड्यन्त्रमा विजय पाउन केवल बुद्धि र विवेकबाट मात्र सम्भव छ ।' एक गुप्त कोठा, चारैतिर विश्वासी सैनिकको पहरा छ । सुनले बनेका दुई सिंहासनमा चन्द्रगुप्त र चाणक्य आमने-सामने बसेका थिए ।

चाणक्यले सम्झाउँदै भने- 'अब शोक नगर, राज्यका लागि सचेत होऊ । राजाको एउटा खुट्टा श्मशानमा र अर्को खुट्टा सिंहासनमा हुनुपर्छ । यस्तो हुने राजालाई रुने समय मिल्दैन न त धेरै हाँस्ने समय नै हुन्छ । जब धेरै रुन्छ वा हाँस्छ तब शत्रुलाई आक्रमण गर्ने मौका मिल्छ ।'

चन्द्रगुप्त संशय व्यक्त गर्दै भन्दछन्- 'शोकमा रुनु र हर्षमा हाँस्नु स्वाभाविक हो महात्मा !'

'होइन, शोकमा रुने र हर्षमा हाँस्ने कुरा जसले लुकाउँछ, त्यसले कहिल्यै पनि पराजयको अनुभव गर्नुपर्दैन । शोक अर्काका लागि उपहास बन्छ, हर्ष आफ्ना लागि पीडादायक हुन्छ । अतः पत्थर (ढुंगा) जस्तै कठोर तिमीले बन्नुपर्छ ।' त्रिनेत्र-सम्पूर्ण प्रयत्न विफल भइरहेछन् । चन्द्रगुप्तको कुरा मुखबाट निक्लिँदै नागरिक आइलाग्छन् । सोच्दासोच्दै कसरी रात बित्यो, कतिखेर सूर्योदय भयो, थाहै भएन चाणक्य अधीर हुँदै यताउता टहल्दै थिए । चन्द्रगुप्त र त्रिनेत्र मात्र उत्कण्ठाले हेरिरहेथे । धेरै समयपछि अचानक उनको वाक्य फुट्यो, त्रिनेत्रलाई भने-'आँधी आउनुभन्दा पहिल्यै त्यसलाई रोक्नुपर्छ, तिमी व्यापारी, नागरिक, रेखदेख गर्ने, मदिरा बेच्ने आदि भेषमा र साधुका भेषमा समेत आफ्ना गुप्तचर लगाऊ । छिमेकी राज्यमा पनि विश्वस्त साथीहरूको जाल फैलाऊ, मिनेट मिनेटको खबर प्रत्येक रातमा मैले पाउनुपर्छ । अनि प्रजामा पनि यो समाचार फैलाऊ कि चन्द्रगुप्त धेरै परिश्रमले गर्दा अस्वस्थ छन्, अतः राज्याभिषेक केही दिनका निम्ति स्थगित गरिएको छ ।'

# अमर व्यक्तित्वः पण्डितराज नयराज पन्त



■ प्रा.डा. तीर्थप्रसाद मिश्र

> पाश्चात्य विद्यालाई भन्दा प्राच्य विद्यालाई महत्त्व दिने पन्त गुरू शैक्षिक संस्थाबाट प्राप्त हुने त्रिखण्डी शिक्षाबाट दक्ष जनशक्ति उत्पादन हुन नसक्ने अडानमा दृढ रहे । ज्योतिषशास्त्रमा उनले प्रतिपादन गरेका सिद्धान्त र विश्लेषणबाट विश्वमा नै उनीजस्ता व्यक्तित्व नभएको टिप्पणी पनि गर्ने गरिएको छ । कथ्य, मिथ्य र तथ्यको मिश्रण गरी इतिहास लेख्ने र वंशावलीलाई नै इतिहास हो भन्ने मानसिकता बोकेको जमानामा उनी इतिहास सत्य र तथ्यमा आधारित हुनुपर्छ, इतिहास विज्ञान र कला दुवै हो भन्ने सिद्धान्तका प्रणेता थिए । वास्तवमा नेपालको इतिहास लेखन विधाका महारथी नै पण्डितराज नयराज पन्त थिए ।


बहुआयामिक प्रतिभा सम्पन्न, आजन्म सरस्वतीभक्त, सत्यतथ्यको खोज तथा प्रकाशनमा अनवरत र अथकित अन्वेषण गर्ने, नेपाली इतिहास लेखन विधाका सशक्त सारथि, गणितज्ञ, ज्योतिष, बहुभाषाविद्, शैक्षिक पुनर्जागरणका अग्रणी, साहित्यकारजस्ता अनेकौं विशेषता भएको मानवताका एक सरल पात्रको नाम हो; नयराज पन्त । नेपालको शिक्षाको इतिहासमा सर्वाधिक चर्चित उनीजस्ता व्यक्तित्वको गुणानुवर्णन शब्दकोशमा भएका सबै सकारात्मक विशेषणले भर्दा पनि अपुरो र अधुरो नै रहन्छ । नयनाथ पौडेल, अच्युत अधिकारीजस्ता सज्जनहरूले उनका सन्दर्भमा अनुसन्धान नै गरी विद्यावारिधि हासिल गरेको प्रसंग स्मरणीय छ । यस्ता युगपुरुष नयराज गुरुको ११२औं जन्मजयन्तीका अवसरमा यस लेखमा केही चर्चा गर्न खोजिएको छ ।

उनको जन्म १९७० साउन २६ गते काठमाडौंमा भएको थियो । करिब डेढ वर्षमा नै पिता गुमाएका पन्तको शिक्षादीक्षा पालनपोषण मावली बाजे पण्डित भुवननाथ पाँडेबाट भएको हो । बाजेकै प्रेरणा र आशीर्वादबाट उनी इतिहासको अध्ययन तथा अनुसन्धानतर्फ केन्द्रित भएको सन्दर्भको चर्चा स्वयंले गरेका छन् । उनले १९ वर्षको उमेरमा १९८९ सालमा भारतको बनारसमा ज्योतिष विषयमा अध्ययन कार्य थालनी गरी ज्योतिष विषयमा नै स्नातकोत्तर तह अब्बल श्रेणीमा उत्तीर्ण गरेपछि १९९५ सालमा काठमाडौं फर्किए । प्रारम्भमा रुद्रराज पाण्डेको सदासयबाट गुठी अड्डाका पुराना कागज अध्ययन, टिपोट र संरक्षण गर्ने काम पाए । वि.सं. १९९७ सालदेखि भाषानुवाद परिषद्मा काम गर्न सुरु गरी सोही सालदेखि नै रानीपोखरी संस्कृत पाठशालामा पढाउने दायित्व पनि ग्रहण गरे । करिब छ दशकसम्म निरन्तर राष्ट्रसेवामा समर्पित पण्डित नयराज पन्तले २००८ सालसम्म रानीपोखरी संस्कृत पाठशालामा पठनपाठन गरे । वि.सं. २०१० सम्म नेपाली भाषा प्रकाशन समितिमा र वि.सं. २००८ देखि २०२२ सम्म नेपाल राजकीय संस्कृत विद्यालयमा सेवा गरेका थिए । वि.सं. २०३३ देखि २०३५ सम्म त्रिभुवन विश्वविद्यालयमा काम गरेका पन्तले २०३६ सालदेखि चारपटकसम्म तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका प्राज्ञ सदस्य भई उल्लेख्य सेवा गरेका थिए ।

पन्तले २००९ सालमा संशोधन मण्डल र गुरुकुलको परम्पराअनुसार पठनपाठन गर्ने पाठशाला पनि स्थापना गरे । सोही पाठशाला र संशोधनमण्डलको उद्देश्यलाई सार्थक बनाउन सदैव तपस्यारत रहे । संस्कृत, हिन्दी र नेपाली भाषामा विशेष दख्खल राखेका पन्त अंग्रेजी पढ्ने र बुझ्नेसमेत सामर्थ्य राख्दथे । नेपाली भाषामा नेपालको प्रामाणिक इतिहासको पुस्तक सर्वथा अभाव भएको अवस्थामा २००४ सालमा नयराजले तोत्रराज पाँडेसँग मिलेर नेपालको संक्षिप्त इतिहास प्रकाशन गरेका थिए । पन्तकै शिष्यहरूले तयार पारेको ऐतिहासिक पत्रसंग्रह (भाग १ र २), जयरत्नाकर नाटक, इतिहास संशोधनको प्रमाण-प्रमेय, अभिलेखसंग्रहजस्ता ग्रन्थमा उल्लेख भएका उपोद्घातबाट उनको विलक्षण क्षमता बुझ्न सकिन्छ । वि.सं. २०२५ मा उनकै निर्देशनमा देवीप्रसाद भण्डारी, धनवज्र बज्राचार्य, गौतमवज्र बज्राचार्य तथा दिनेशराज पन्तद्वारा तयार पारिएको श्री ५ पृथ्वीनारायण शाहको उपदेश प्रकाशित भयो । वि.सं. २०२९ मा उनका प्राचीन र नवीन गणितको तुलना र २०४३ सालमा लिच्छवि संवत्को निर्णय प्रकाशित भए । संशोधनमण्डलबाट तयार पारिएका सावधानपत्र र मुखपत्र पूर्णिमा पन्तको अनुसन्धानकै उपज हुन् । पूर्णिमामा प्रकाशित अनुसन्धानात्मक लेखहरूबाट नेपालको इतिहासको क्षितिज नै फराकिलो हुन पुगेको छ । पन्तका पद्य साहित्यका कुरा, पण्डित गोपाल पाँडे र उनको धनमूल ल्याउने नीति, हिन्दू सिद्धान्त ज्योतिष र ग्रीक ज्योतिषको तुलना, रत्नदीप, विश्रान्ति, सुमतितन्त्रलगायत करिब ३० वटा ग्रन्थ प्रकाशित भएका छन् ।

उनी नेपालको इतिहास लेखन विधाका भीष्मपितामह हुन् । इतिहास तथ्य र प्रमाणको आधारमा लेखिनुपर्छ भन्ने उनको मान्यता थियो । लिच्छवीकालदेखिका अभिलेख शिलालेखहरूको खोजी तथा संकलन र व्याख्या तथा विश्लेषण गर्ने कार्यमा पनि उनी अग्रणी नै थिए । उनकै निर्देशनमा धनवज्र बज्राचार्य, गौतमवज्र बज्राचार्य, शंकरमान जोशी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, ज्ञानमणि नेपाल तथा महेशराज पन्तले अभिलेखको खोजी गरी प्रकाशन गरेका थिए । उनीबाटै दीक्षित भएका धनवज्र बज्राचार्यले लिच्छवीकाल, मध्यकाल र शाहकालका अभिलेखहरू संकलन गरी प्रकाशनमा ल्याएका छन् । भगवान्लाल इन्द्रजी तथा नोलीहरूले अभिलेखहरूको पठन र व्याख्यामा गरेका कमजोरीहरू पनि उनले औंल्याएका छन् ।

नेपाली विद्वान्हरूले विदेशीहरूले लेखेका कृतिहरूलाई परीक्षण नै नगरी लेख्ने गरेकामा कटु आलोचकका रूपमा उनी प्रस्तुत भए । सूर्यविक्रम ज्ञवाली, डिल्लीरमण रेग्मी, बालचन्द्र शर्मा, ढुढडीराज भण्डारी आदिले लेखेका किताबमा भएका त्रुटि तथा कमीकमजोरी र इतिहास दर्शनको विपरीत भएका विवरणहरूको सप्रमाण खण्डन गर्नेजस्ता कार्य संशोधनमण्डलबाट भयो । यसबाट आफूलाई स्थापित इतिहासकार भन्न रुचाउने कतिपय व्यक्तिहरू नाखुस पनि भए । विदेशीहरूले प्रवाह गरेको सूचना र घटनालाई परीक्षण नै नगरी अनुशरण गर्ने तथा संशोधनमण्डलद्वारा प्रकाशित ग्रन्थहरूको आधारमा ऐतिहासिक घटनाको विश्लेषण गर्ने तर स्रोतचाहिँ नखुलाउने विद्वान्हरूको त पन्तले उछितो नै काटे । उनले विश्वविद्यालयमा इतिहास पढाउने शिक्षकहरूको क्षमता र योग्यता तथा उनीहरूका प्रकाशनमाथि पनि प्रश्न उठाए । राणाकालको स्तुतिगान गर्ने लेखकहरूले नै २००७ सालपछि राणाहरूलाई नै तथानाम गाली गरे । उनीहरूको यस्तो अवसरवादी प्रवृत्तिको पनि उनले उजागर गरिदिए । यस्ता कार्यले गर्दा नेपालको इतिहासमा कलम चलाउनेहरू सचेतमात्र भएनन्, प्रामाणिक इतिहास लेखनतर्फ पनि अग्रसर भए । पूर्णिमामा प्रकाशित अनुसन्धानात्मक लेखहरू त



नयराज पन्त, इतिहासकार

इतिहास लेखन र शोध कार्य गर्नेहरूका लागि असल खुराक बन्न पुगे । आज पनि नेपालका लिपि विशेषज्ञहरू सबै पन्त गुरुका शिष्य नै छन् ।

उनले स्थापना गरेको गुरुकुलबाट दीक्षित चेलाहरूले स्वदेश र विदेशमा पनि प्रसिद्धि कमाएका छन् । धनवज्र बज्राचार्य, गौतमवज्र बज्राचार्य, ज्ञानमणि नेपाल, महेशराज पन्त, दिनेशराज पन्तजस्ता गुरुका अब्बल शिष्यहरू स्थापित इतिहासकार बन्न पुगेका छन् । त्यसैगरी देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल आदिले पनि आ-आफ्ना क्षेत्रमा ख्याति आर्जन गर्न सफल भएका छन् । आफ्ना शिष्यहरूको कार्यबाट प्रसन्न हुने गुरुको बानी थियो । उनले आफूले पाएको सुप्रबल गोर्खा दक्षिण बाहु पदक पनि तिनै योग्य शिष्यको कारणले पाएको हो भन्ने कुरा उल्लेख गरेका छन् । उनले आफ्ना चेलालाई सम्बन्धित क्षेत्रमा विज्ञ र दक्ष बनाए भने तिनै शिष्यले गुरुको नाम पनि अमर बनाएका छन् । संसारमा एउटै गुरुबाट यति संख्यामा विशेषज्ञ जनशक्ति उत्पादन गरेको घटना विरलै पाइन्छ होला ।

उनले आफ्नो सिद्धान्त, आदर्श, मान्यता र कार्यलाई स्वीकार्य बनाउन ठूलो तपस्या गरेका थिए । उचित प्रश्रय, सदासयता, प्रशंसा र खातिरदारी नपाउँदा पनि उनको अर्जुनदृष्टिमा परिवर्तन भएन । बिस्तारै उनको इर्ष्या गर्ने, खेदो खन्ने तथा प्राज्ञिक क्षमतालाई अवमूल्यन गर्नेहरू पनि उनको प्रशंसक बन्दै गए र संशोधनमण्डलको योगदानप्रति नतमस्तक हुँदै गए । नयराज पन्त र उनका शिष्यहरूले पाएको सम्मान, पुरस्कार र सराहनाबाट यो कुरा निर्विवाद तथ्य सावित भइसकेको छ । नयराज गुरुले २०४२ सालमा लिच्छवि संवत्को निर्णय ग्रन्थमा मदन पुरस्कार र २०४५ सालमा त्रिभुवन प्रज्ञा पुरस्कार पाएका थिए । उनले २०५३ मा आदिकवि भानुभक्त पुरस्कार र २०५७ सालमा त्रिभुवन विश्वविद्यालयबाट सम्मानार्थ महाविद्यावारिधिको उपाधि प्राप्त गरेका थिए । मदन पुरस्कारका लागि स्वयंले निवेदनसमेत नदिएर प्रकाशकले दिएको प्रसंगको चर्चा कमलमणि दीक्षितले गरेका छन् । यथार्थमा भन्ने हो भने यी सम्मान प्रदान गरेर गुरुभन्दा पनि स्वयं सम्मान गर्ने संस्था नै सम्मानित हुन पुगेका छन् ।

प्रज्ञा प्रतिष्ठानका प्राज्ञहरूले आफू पदमा रहँदा कति उल्लेख्य काम गरे, अनुसन्धान गरे, ग्रन्थ प्रकाशन गरे ? त्यसको लेखाजोखा कसैले गरेका छैनन् तर प्रज्ञा प्रतिष्ठानले गुरुबाट अपेक्षा गरेभन्दा बढी उपलब्धि हासिल गरेको कुरा त्यसबेला उनीबाट प्रकाशित भएका ग्रन्थ लेखरचनाहरूबाट स्पष्ट हुन्छ । दण्डवते नीति र कार्यबाट सदैव पृथक रहने तथा राजनीतिमा नलाग्ने तर सरोकार राख्ने उनको विशेषता थियो । राणा, राजा र कांग्रेस नामक कृतिमा उनको दैनिकीमा उल्लेख भएको बुँदाबाट यो कुरा स्पष्ट हुन्छ । उनले वि.सं. २००७ कात्तिकदेखि २००८ सालसम्मका महत्त्वपूर्ण घटना टिपिएको डायरी २०८० सालमा उनका पुत्र एवं शिष्य डा. महेशराज पन्तले सम्पादन र अनुवाद गरी प्रकाशन गरेका छन् । यसैगरी २०४६ सालको राजनीतिक परिवर्तनपश्चात् प्रज्ञा प्रतिष्ठानका उपकुलपतिलगायत सबैले राजीनामा दिँदा पनि उनले दिएनन्, आफ्नै आदर्श मान्यतामा अडिग रहे । वि.सं. २०४६ पछि गठित प्राज्ञमा उनलाई समावेश गरी प्रज्ञा प्रतिष्ठानको गरिमा बढाएको प्रसंग स्मरणीय छ । ज्योतिषका प्रकाण्ड विद्वान् हुनाले ऐतिहासिक काल गणनाको निम्ति उनले पहिल्याएको परम्परागत कालगणना वैज्ञानिक र विश्वसनीय हुन पुगेको छ । संस्कृत वाङ्मयमा पारंगत गुरु नयराज नेपालको ऐतिहासिक तथ्योत्खननमा प्रथम आचार्य र एक सिंगो संस्था थिए भने उनी स्वयं एक इतिहास हुन पुगेका छन् ।

साधारण पहिरन रहनसहन खानपिनमा रमाउने उनी सरस्वतीभक्त थिए । लक्ष्मीको पछाडि उनी कहिल्यै पनि लागेनन् यही कारणबाट नै नयराज पन्त सर्वमान्य गुरु नयराज पन्त हुन सके । आफ्नो कमाइ सबै संशोधनमण्डलको लालनपालनमा खर्च गरे । कसैबाट कुनै अपेक्षा गरेनन्, कसैसँग हात पसारेनन् । यस्ता विद्वान् त अब इतिहासमा मात्र भेटिने आँकलन गर्न सकिन्छ । पाश्चात्य विद्यालाई भन्दा प्राच्य विद्यालाई महत्त्व दिने पन्त गुरु शैक्षिक संस्थाबाट प्राप्त हुने त्रिखण्डी शिक्षाबाट दक्ष जनशक्ति उत्पादन हुन नसक्ने अडानमा दृढ रहे । ज्योतिषशास्त्रमा उनले प्रतिपादन गरेका सिद्धान्त र विश्लेषणबाट विश्वमा नै उनीजस्ता व्यक्तित्व नभएको टिप्पणी पनि गर्ने गरिएको छ । कथ्य, मिथ्य र तथ्यको मिश्रण गरी इतिहास लेख्ने र वंशावलीलाई नै इतिहास हो भन्ने मानसिकता बोकेको जमानामा उनी इतिहास सत्य र तथ्यमा आधारित हुनुपर्छ, इतिहास विज्ञान र कला दुवै हो भन्ने सिद्धान्तका प्रणेता थिए । वास्तवमा नेपालको इतिहास लेखन विधाका महारथी नै पण्डितराज नयराज पन्त थिए ।

यस्ता व्यक्तिका विषयमा सरकारबाटै अध्ययन अनुसन्धान गर्ने तथा नाममा प्रतिष्ठान स्थापना हुनुपर्ने आवाज उठ्न थालेको छ तर यो आवाज सरोकारवालासम्म पुग्न सकेको छैन । यस्ता व्यक्तिको स्मरणबाट मुलुककै प्रतिष्ठा बढ्ने र भावी पुस्तालाई प्राज्ञिक खुराक मिल्ने कुरामा दुईमत नहोला । उनले देखाएको मार्गको अनुशरण गरेमा मात्र उनीप्रति सच्चा श्रद्धाञ्जलि हुने छ । उनको नश्वर शरीर जहाँ पुगे पनि उनका कृति तथा योगदान र संशोधनमण्डलले गुरुलाई अजरामर बनाएका छन् । *रासस*

*(लेखक संस्कृतविद् हुन्)*

## पत्र-मञ्जुषा

### जोखिममा खोला र विमानस्थल वरपरका बस्ती

केही वर्षयता प्राकृतिको दोहन गरी घर तथा भवनहरू निर्माण गर्ने क्रम बढ्दो छ । अहिले खोला, नदी किनारकै छेउछाउमा अग्ला-अग्ला घर देखिन्छन् । कतिपयले त खोलामाथि नै घर बनाएका छन् ।

खोलाको बायाँदायाँ वा टुकुचामाथि घर बनाएका घरधनीहरूलाई अहिले रातभर निन्द्रा लाग्दैन । खोलाको बहाव जुनसुकै बेला पनि बढ्न सक्ने हुँदा त्यहाँस्थित घरधनीहरू रातभर निदाउँदैनन् । यता, पेट्रोल पम्प, ग्यास डिपो, वर्कसप, कबाडी गोदाम छेउछाउमा घर बनाएका घरधनीहरूको पनि यही नै पीडा छ । किनकि यसमा आगलागी हुनासाथ समग्र बस्ती नै सखाप हुन्छ ।

पछिल्लो समय ग्यास लिक भएर वा विद्युत् सर्ट भई आगलागी भएका थुप्रै घटना छन् । आगलागीमा परी ठूलो जनधनको क्षति हुँदै आएको छ । तर, बस्ती छेउछाउ पेट्रोल पम्प, वर्कसप, ग्यास डिपो, कबाडी गोदाम, पार्टी प्यालेस सञ्चालन गर्न नदिने निर्णय सरकार गर्दैन । ०६५ मंसिर १ गतेको मन्त्रिपरिषद् बैठकले खोलाको २० मिटर दूरीमा मात्र घर बनाउन पाउने निर्णय गरेको थियो ।

केही समयअघि सर्वोच्च अदालतलेसमेत परमादेश जारी गरी खोलाको ४० मिटर दूरीमा मात्र घर बनाउन पाउने भनेको छ । अहिले काठमाडौंको लाजिमपाट उत्तर ढोकादेखि जयनेपाल हल हुँदै कमलादी, बागबजार वा टुकुचा, थापाथलीमा निस्किने खोलामाथि घर घरै बनेका छन् । यद्यपि, ती घरहरू काठमाडौं महानगरपालिकाले भत्काउन सकेको छैन । यसले खोलाको बहाव बढ्दा त्यसमाथि बनेका घरहरू जुनसुकै बेला पनि भत्किएर ठूलो धनजनको क्षति हुने देखिएको छ ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा विभिन्न मितिमा पटक-पटक गरी विमान दुर्घटना भइसकेका छन् । दुर्घटनामा परी थुप्रै यात्रु र पाइलटले ज्यान गुमाइसकेका छन् । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल राजधानीमै छ । तर, बस्तीको बीचमा । यहाँबाट विभिन्न ठाउँ वा देश जाने वा विभिन्न देश वा ठाउँबाट आउने जहाज यही अवतरण हुने गरेको छ । फेरि आयल निगमले इन्धन भण्डारण पनि यही गरेको छ । सिनामंगल, विमानस्थल, गैरीगाउँ, शान्तिनगर, तीनकुने, कोटेश्वर, इमाटोल, टीकाथली, जडीबुटी, नरेफाँट, लोकन्थली, काँडाघारी, पेप्सीकोला, मुलपानी, जोरपाटी, बौद्ध, नयाँबस्ती, गौरीघाटलगायत हुँदै विमान उड्ने हुँदा यी बस्तीहरू सधैं जोखिममा रहेका छन् ।

लगातारको विमान दुर्घटनापश्चात् यहाँ बस्नेहरू त्रसित भएका छन् । बस्तीमै हवाई दुर्घटना हुने जोखिम बढ्दै गएकोले यहाँ बस्नेहरू त्रासमा रहेका छन् । त्यसैले, अब सरकारले कि त विमानस्थल नै सार्नुपर्छ होइन भने विमानस्थल छेउछाउ घनाबस्ती बस्न दिनुहुन्न । यस्ता जोखिमका क्षेत्रमा सरकारले पहिले नै ध्यान पुऱ्याउन आवश्यक छ ।

**– रुषा थापा, भक्तपुर**

#### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**घुम्ती गोठमा भेडापालन |** मुस्ताङको दहबुकी खर्कमा म्याग्दीको धवलागिरी गाउँपालिका-५ मल्कबाङका हिमबहादुर छन्त्यालको घुम्ती गोठमा रहेका भेडा । छन्त्यालको भेडीगोठमा ५०० भन्दा बढी भेडा रहेका छन् । *तस्बिर: कमल खत्री/रासस*

# बागलुङ बजारमा लाखेको रौनक



**गलकोट (बागलुङ)–** बागलुङ बजारमा लाखेनाचको रौनकता छाएको छ । घण्टाकर्ण अर्थात् गठेमंगलको भोलिपल्टबाट नाच्न थालिने लाखे यहाँका नेवार समुदायको परम्परागत नाच हो ।

शाक्य कल्याण समाज बागलुङले लाखे नाच संरक्षणको अगुवाइ गर्दै आएको छ । साउनको चतुर्दशीदेखि नाचिने लाखे तीजसम्म नाचिन्छ । हिजोआज बजारको चोक तथा गल्लीमा लाखे नाचको रौनकता छाएको छ । झ्याली र बाजाको तालमा दुईवटा लाखे मुखुण्डो लगाएर रंगीविरंगी कपडासहित नाच्ने गर्छन् । लाखेनाच हेर्न गएका बालबालिकाले 'चे लाखे भूत' भन्दै जिस्काउँदा लाखेले दौडिएर लखेट्ने दृश्य रोचक देखिन्छ ।

तीन सय वर्ष अघिदेखि राक्षसको रूपमा रहेको घण्टाकर्णलाई मारेपछि पुनःराक्षसको अवतार नदोहोरियोस् भन्न लाखे नाच्ने परम्परा रहेको शाक्य कल्याण समाज बागलुङका अध्यक्ष राजनकुमार शाक्यले बताए ।

'३०० वर्ष पहिला काठमाडौंबाट व्यापार गर्न बागलुङ आएका नेवार समुदायले आफ्नो संस्कारको रूपमा लाखेनाच लिने गरेको छ,' शाक्यले भने, 'नेवार समुदायले लाखे संरक्षण गर्दै आएका छन्, गाईजात्राको दिनदेखि पुनः भदौरे नाच प्रदर्शन हुन्छ ।'

एक महिना नाचिने लाखेमा लाखेको भूमिकामा नाच्ने कलाकार पाउन गाह्रो हुन थालेको छ । स्थानीय सरकारले लाखे र भदौरे नाच संरक्षणमा ध्यान दिनुपर्ने उनको भनाइ छ । लाखे र भदौरे नाचमध्येको एक जोगी नाच शाक्य कल्याण समाजले संरक्षण गर्दै आएकोमा होवा नाच, रोपाइँ नाच, जोगी नाच र घोडा नाच नेवा ल्याम पुचले गर्दै आएको मंका खल बागलुङका अध्यक्ष मुकेश राजभण्डारीले जानकारी दिए ।

खर्चिलो भएकै कारण नागनागिनी र थेत्तर नाच लोप भइसकेको स्थानीय बताउँछन् । बास्सा नाचसमेत लोप हुने अवस्थामा पुगेको अध्यक्ष राजभण्डारी बताउँछन् । बागलुङ नगरपालिकाले यहाँको नेवार समुदायमा रहेको हनुमान नाच जोगाउन नीति तथा कार्यक्रममा समावेश गरेको जनाएको छ । आगामी दिनमा लाखे नाच र भदौरे नाच संरक्षण गर्न नगरपालिकाले अग्रसरता देखाउने नगर उपप्रमुख राजु खड्काले जानकारी दिए । *रासस*

# मधेस प्रदेशमा सेनाको वृक्षरोपण अभियान

**महोत्तरी (प्रस)–** नेपाली सेनाले बृहत् वृक्षरोपण अभियानअन्तर्गत मधेस प्रदेशमा यस वर्षको बर्खायाममा हालसम्म ६० हजारको संख्यामा वृक्षरोपण गरेको छ । मधेस प्रदेशमा प्रकृति संरक्षण र हरियाली प्रवर्द्धन सुरु गरिएको बृहत् वृक्षरोपण अभियानमा पछिल्लो असार र साउनमा उक्त संख्यामा वृक्षरोपण गरिएको सेनाको मध्यपूर्वी पृतना हेडक्वाटर बर्दिबास महोत्तरीले जनाएको छ ।

सेनाले साउनको चौथो साताभित्र महोत्तरी र धनुषाको सीमाक्षेत्रमा पर्ने धनुषाको मिथिला-११ को मोतीखोला सामुदायिक वनक्षेत्र र बगरटोलमा गरी सात बिघा क्षेत्रफलमा १० हजारको संख्यामा वृक्षरोपण गरेको जनाएको छ । यहाँ गत बिहीबार मधेसका मुख्यमन्त्री सतिशकुमार सिंहबाट वृक्षरोपण थालिएको थियो । यसअघि असारमा सिरहाको मिर्चैया-६, ७ को पर्ती जग्गामा ५० हजारको संख्यामा वृक्षरोपण रोपिएको पृतनाका सहायक रथी प्रकाशबहादुर चन्दले जानकारी दिए । वृक्षरोपण गरिएका दुवै ठाउँ चुरे क्षेत्र हुन् ।

चुरे मधेसको जीवन रहेको हुँदा यसको संरक्षणका लागि सघन वृक्षरोपण पहिलो अभिभारा रहेको सेनाको ठम्याइ छ । चुरेका प्राकृतिक स्रोत जमिन, पानी, चरनक्षेत्र र प्राणीको संरक्षण, जीविकाका लागि रुख बिरुवा अनिवार्य भएको सहायक रथी चन्दको भनाइ छ । रोपिएका बिरुवाहरूमा मलेसियन साल, टीक, खयर, अमला र बाँस छन् ।

वृक्षरोपणले अब वनक्षेत्र हराभरा बनाउन सहयोग पुग्ने मोतीखोला सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष खड्कबहादुर विश्वकर्माको विश्वास छ । वनक्षेत्र नजिकको पर्ती जग्गामा अमला रोपिएको छ । यसले बस्ती पसेर हैरान गर्ने बाँदरले केही वर्षभित्रै जंगलमै पर्याप्त भोजन पाउने आशा गरिएको छ । भिरालो जग्गामा रोपिएको बाँस झ्यांगिदै गएपछि पाखाको माटो बग्ने र पहिरो जाने क्रम पातलिने स्थानीय बताउँछन् । यो अभियान मधेसका आठै जिल्लामा सञ्चालन गरिने सहायक रथी चन्दको भनाइ छ । रोपिएका बिरुवाको संरक्षणका लागि काँडेतारको घेराबेरा र नियमित देखभाल गरिने सेनाले जनाएको छ ।

# आँबुखैरेनी अस्पतालमा डेंगु संक्रमितको निःशुल्क उपचार

**दमौली (तनहुँ)–** तनहुँको आँबुखैरेनी अस्पतालमा डेंगु संक्रमितको निःशुल्क उपचार गरिने भएको छ । अस्पतालले लक्षित वर्गलाई डेंगु संक्रमणमा निःशुल्क उपचार गर्ने व्यवस्था मिलाउने निर्णय गरेको हो ।

आँबुखैरेनी गाउँपालिकाअन्तर्गत डेंगु रोगको प्रकोपको कारणले उत्पन्न संकटको समयमा सबैलाई आवश्यक स्वास्थ्य सेवाको पहुँचमा पुऱ्याउने उद्देश्यले प्रारम्भिक लक्षण देखिएका सबैलाई निःशुल्क डेंगु परीक्षण र लक्षित वर्गलाई निःशुल्क उपचार उपलब्ध गराइने अस्पताल व्यवस्थापन समितिका अध्यक्ष एवं गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिए ।

प्रारम्भिक लक्षण देखिएका सबैलाई 'र्‍यापिड डाइग्नोस्टिक टेस्ट' विधिबाट परीक्षणको व्यवस्था मिलाइएको उनले बताए । त्यस्तै, गरिब तथा आर्थिकरूपले विपन्न, नवजात शिशु, गर्भवती, सुत्केरी, बेवारिसे, अपांगता भएका, सहाराविहीन अशक्त एवं अपांगता तथा ज्येष्ठ नागरिकलाई औषधि र आवश्यक परेमा अस्पतालमा भर्नालगायत सम्पूर्ण खर्च गाउँपालिकाको सिफारिसमा बेहोरिने चुमानले बताए ।

आँबुखैरेनीमा केही दिनयता डेंगु संक्रमित बढेकाले सतर्कता अपनाउन आवश्यक रहेको अस्पताल प्रमुख डा. डिबी क्षेत्रीले बताए । डेंगु रोग लामखुट्टेको टोकाइबाट सर्ने भएकाले लामखुट्टेको टोकाइबाट बच्ने तथा लामखुट्टेको बासस्थान नष्ट गर्नुपर्ने डा. क्षेत्रीले बताए । उनले भने, 'सुत्दा सधैं झूलको प्रयोग गर्नुपर्छ, लामखुट्टेको टोकाइबाट बचाउने धुप तथा झोलको प्रयोग गर्न सकिए यसबाट बच्न सकिन्छ ।'

त्यस्तै, पूरै बाहुला भएका अथवा लामो बाहुला भएका कपडा लगाउन, ट्यांकी र कुलरहरू हप्तामा एकचोटी सफा गर्न डा. क्षेत्रीले आग्रह गरे । जिल्लामा सबैभन्दा बढी डेंगु संक्रमण आँबुखैरेनीमा पुष्टि भएको छ । सोमबारसम्म जिल्लाभर ८२२ संक्रमित हुँदा आँबुखैरेनीमा मात्रै ६०४ जनामा डेंगु संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालयका सूचना अधिकारी सुदीप कँडेलले जानकारी दिए । कँडेलका अनुसार व्यास नगरपालिकामा ५७, शुक्लागण्डकी नगरपालिकामा १२३, भिमाद नगरपालिकामा दुई र बन्दीपुर गाउँपालिकामा ३६ जनामा डेंगु संक्रमण पुष्टि भएको छ ।

आँबुखैरेनीस्थित मनकामना हेल्थ क्लिनिक, आरोही पुष्पाञ्जली क्लिनिक, गोरखकाली पोलिक्लिनिक, ओम मेडिकल केयर, आँबुखैरेनी अस्पतालमा, बन्दीपुर गाउँपालिकास्थित बन्दीपुर अस्पताल, लक्ष्मी अस्पताल, मोती हेल्थ क्लिनिक, सञ्जीवनी प्याथोलोजी क्लिनिक, भिमाद नगरपालिकास्थित भिमाद प्राथमिक स्वास्थ्य केन्द्र, व्यास नगरपालिकास्थित दमौली अस्पताल, रत्नहरि अस्पताल, समाधान अस्पताल, दमौली सामुदायिक अस्पताल, नेसनल एपोलो अस्पताल र युआरएल ल्याब्रोटोरीमा डेंगु परीक्षण गरिएको छ ।

शुक्लागण्डकी नगरपालिकास्थित तनहुँ सेवा अस्पताल, आले मेडिकल हल, युआरएल ल्याब्रोटोरी, खैरेनीटार अस्पताल र जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रमा डेंगु परीक्षण गरिएको छ । एक्कासि तीनदेखि पाँच दिनसम्म ज्वरो आउनु यो रोगको मुख्य लक्षण हो । यसरी आएको ज्वरो पाँचदेखि सात दिनसम्म रहिरहन सक्दछ । यसका साथै बेस्सरी टाउको दुख्नु, आँखाको गेडी दुख्नु, शरीरमा डाबर आउनु, अरुचि हुनु, जोर्नी तथा मांसपेशी बेस्सरी दुख्नु, पेट तथा आन्द्रामा गडबडी हुनु पनि डेंगुको लक्षण भएको चिकित्सकको भनाइ छ । *रासस*

# त्रियुगा क्षेत्रमा सर्पदंशका घटना बढे

**उदयपुर (प्रस)–** जिल्लाको त्रियुगा नगरपालिका क्षेत्रमा गर्मी बढेसँगै सर्पदंशको घटनामा वृद्धि भएको छ ।

नगर क्षेत्रको जोगीदह, मोथ्याई, खैजनपुर, भुल्के, पोर्ताह, राजावास, चुहाडेसहित राजाबास गैरुन, असारी, लक्ष्मीपुर क्षेत्रमा सर्पको बिगबिगी बढेको स्थानीयवासी बताउँछन् । करेसाबारी, गोठ र खेतमा काम गर्दा करेतलगायतका विषालु सर्पको डसाइबाट स्थानीयवासी प्रभावित भएको नेपाली सेना भुल्के सामुदायिक सर्पदंश उपचार केन्द्रले जनाएको छ ।

हाल त्रियुगा नगरक्षेत्रमा दैनिक पाँचदेखि छ जनासम्म सर्पदंशका बिरामी उपचार केन्द्र भुल्केमा उपचारका लागि आउने गरेको उपचार केन्द्रका व्यवस्थापन समिति अध्यक्ष पवित्रा गिरीले बताए । अधिकांश सर्पदंशका बिरामीहरू त्रियुगा नगरपालिका क्षेत्रबाट आउने गरेको सर्पदंश उपचार केन्द्रले जनाएको छ ।

सर्पदंशका बिरामीहरूमध्ये धेरैजसो रातिको समयमा खेतमा पानी लगाउन जाने र घरवरपर काम गर्ने, गोठमा साँझ बिहान काम गर्ने भएको स्थानीय ज्ञानबहादुर बस्नेतले बताए । साउनको पहिलो सातादेखि तेस्रो सातासम्ममा १५० भन्दा बढी सर्पदंशका बिरामीको उपचार गरिएको र उनीहरू निको भएर घर फर्किएको सर्पदंश उपचार केन्द्र व्यवस्थापन समितिका अध्यक्ष पवित्रा गिरीले जानकारी दिए ।


**UAE मा X-Army / police हरुलाई Security Guard मा रोजगारको अवसर**

Global Security Services Group - Sole Proprietorship L.L.C.

पूर्व स्वीकृती मिति: २०८१/०४/२७ | चलानी नं. ६०२२३४८८ | LT No. :308779

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Security Guard | 150 | 50 | काममा दक्ष | 2000 | ७२,६६७।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

Basic Salary AED 2000 भएता पनि OVER TIME सहित AED 3500 हुनेछ ।

❖ कम्तीमा SLC पास साथै English भाषा राम्रो सँग लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ ।
❖ पुरुषको हकमा उमेर २२ वर्ष देखि ३९ वर्ष ननाघेको र उचाई ५ फिट ७ ईन्च भन्दा माथी र महिलाको हकमा उमेर २२ देखि ३८ वर्ष ननाघेको र उचाई ५ फिट भन्दा माथि हुनु पर्नेछ ।
❖ X-Army/Police Security Guard हरुले मात्र सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | निःशुल्क |

शनिबार पनि कार्यालय खुल्ला रहनेछ, प्रि अन्तरवार्ता धमाधम भइरहेको छ ।

फाइनल अन्तरवार्ता: २०८१ भाद्र ८, ९, १० र ११ गते (24, 25, 26 & 27 Aug., 2024) हयाट रेजेन्सी होटल काठमाडौंमा हुनेछ ।

Global Recruitment Group Pvt.Ltd
Govt. Lic: 1535/078/79
Samakhushi, Kathmandu, Tel : 01-5910484, 5910485, 9801193079, 9801193078, 9820103691, Pokhara Branch: 9802854870, 061-582097
Chitwan Branch: 9855017097, 056-595168



**साउदीमा रोजगार**

कम्पनी : NORTH PRODUCTION ESTABLISHMENT FOR PROVIDING MEALS
शहर : Saudi Arabia

पुर्व स्वीकृति मिति २०८१/04/२९ | LT. No.: 308717 | चलानी नं. ६०२२३४८१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 2 | 0 | 1400 | ५०,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ ५ गते (21st Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Euro Tech Consultancy Pvt. Ltd.
श्रम ईजाजत नं.५६७/०६२/०६३
Samakhusi, Ktm, Nepal, Tel: +977-1-4357822, Fax: +977-1-4355158, Mob No. 9851021264, 9851084492



**ओमानमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : ASSARH AL MUTAKAMIL LMUQAWALAT
पुर्व स्वीकृति मिति २०८०/१०/१८ | पुन विज्ञापन स्वीकृति मिति २०८१/04/२९ | LT. No. 299279 | चलानी नं. ६०२१४२१२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 4 | 120 | ४१,५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SINAW SKY FACILITY MANAGEMENT
पुर्व स्वीकृति मिति २०८०/१२/२१ | पुन विज्ञापन स्वीकृति मिति २०८१/04/२९ | LT. No. 302998 | चलानी नं. ६०२१७८२०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 8 | 0 | 120 | ४१,५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ ५ गते (21st Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: निःशुल्क


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


दियालो इन्टरनेशनल इम्प्लोएमेन्ट एजेन्सी प्रा. लि.
Licence No.: 811/065/066
पो.ब. नं.: २०१९, सिनामंगल काठमाडौं, फोन नं. ०१-४५६०९२२, ४५६०६००,
ईमेल : diyalointl@gmail.com, www.diyalo.com.np



**युएईमा रोजगार**

कम्पनी : POWER RECRUITMENT LLC
शहर : Business Bay Tower 51

पुर्व स्वीकृति मिति २०८१/04/२१ | LT. No. 308367 | चलानी नं ६०२२३४५३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labours | 100 | 0 | 1000 | ३६,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय, लाजिम्पाट-२, काठमाडौंमा मिति: २०८१ भदौ ५ गते (21st Aug. 2024) मा हुनेछ ।

कम्पनी : SMOOTH MANPOWER SUPPLY SERVICES - L.L.C | शहर : Al Mazrouei Building, 4 Al Asam Street
पुर्व स्वीकृति मिति २०८१/04/२९ | LT. No. 308844 | चलानी नं. ६०२२३५१०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Air Conditioning | 1 | 0 | 1200 | ४३,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Assistant Brick Mason | 7 | 0 | 1100 | ४०,२२५ | | | | | | | |
| 3 | Bartender | 9 | 0 | 1200 | ४३,८८५ | | | | | | | |
| 4 | Cleaners (Male) | 6 | 0 | 800 | २९,२५५ | | | | | | | |
| 5 | Painter | 11 | 0 | 1200 | ४३,८८५ | | | | | | | |
| 6 | Painter Assistant Wood | 8 | 0 | 1100 | ४०,२२५ | | | | | | | |
| 7 | Pipe Fitter | 7 | 0 | 1200 | ४३,८८५ | | | | | | | |
| 8 | Plumber | 9 | 0 | 1200 | ४३,८८५ | | | | | | | |
| 9 | Sales Officer | 1 | 0 | 1500 | ५४,८५५ | | | | | | | |
| 10 | Scaffolder | 10 | 0 | 1200 | ४३,८८५ | | | | | | | |
| 11 | Steel Fixer | 10 | 0 | 1200 | ४३,८८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान:
युनिभर्सल टेक्निकल इन्स्टिच्युट एण्ड ओरियन्टेसन सेन्टर प्रा.लि., महाराजगञ्ज, चक्रपथमा मिति: २०८१ भदौ ६ गते (22nd Aug. 2024) मा हुनेछ ।
अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय, लाजिम्पाट-२, काठमाडौंमा मिति: २०८१ भदौ ७ गते (23rd Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | विदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | हुने/रोजगारदाता कम्पनीले | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | - |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: निःशुल्क


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


GSO | GRAND SHIKHAR OVERSEAS PVT LTD
Govt. License 756/064/65
Lazimpat, Kathmandu, Tel: +977-1-4516940, Web: gso@grandshikhar.com

# प्रभाव दैनिक





## चलचित्र 'नि:शब्द'को शुभमुहूर्त

नायिका तथा निर्देशक सुभेच्छा थापाको निर्देशनमा निर्माण हुन लागेको चलचित्र 'नि:शब्द' को शुभमुहूर्त गरिएको छ । सोमबार काठमाडौंको भद्रकाली मन्दिरमा चलचित्रको शुभमुहूर्त गरिएको हो । चलचित्रमा तेस्रो लिंगीसँग सम्बन्धित घटनाका विषयवस्तु समेटिएको निर्माण पक्षले जानकारी दिएको छ । चलचित्रमा शुभेच्छा थापा, सरोज दाहाल, उमेश खड्कालगायत कलाकारको अभिनय रहने बताइएको छ । चलचित्रको कार्यकारी निर्देशक सरोज दाहाल छन् ।




बुधबार, ३० साउन २०८१ (Wednesday, August 14, 2024)


रंगशाला

# भुटानको पारो एफसी विजयी

## एएफसी च्यालेञ्ज लिग:

**काठमाडौं (प्रस)–** एएफसी च्यालेञ्ज लिगअन्तर्गत प्रारम्भिक चरणको खेलमा नेपालको चर्च ब्वाइज युनाइटेड क्लब भुटानको पारो एफसीसँग पराजित भएको छ । त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा मंगलबार सम्पन्न खेलमा पारो एफसीले चर्च ब्वाइजलाई २-१ गोलअन्तरले पराजित गऱ्यो । पारो एफसीको जितमा किंगा वाङ्चुक र विलियम ओपोकुले एक/एक गोल गरे ।



खेलमा ३८औं मिनेटमा लाकेन लिम्बूले गोल गरेपछि चर्च ब्वाइजले अग्रता लिएको थियो । मोसेस गाबाले पेनाल्टी बक्समा हेडमार्फत दिएको पासमा लाकेनले गोल गरेका थिए । तर चर्च ब्वाइजको अग्रता लामो समयसम्म टिक्न सकेन । खेलको ४०औं मिनेटमा पारोका लागि किंगा वाङ्चुकले गोल गर्दै खेल बराबरीमा ल्याए । चर्च ब्वाइजका गोलकिपर दीप कार्की अघि बढेको अवस्थामा किंगाले गोल गर्न सफल भए । खेलको ६६औं मिनेटमा पारो एफसीका लागि विलियम ओपोकुले निर्णायक गोल गर्दै २-१ को अग्रता दिलाएका थिए ।

जितसँगै पारो एफसी प्रतियोगिताको समूह चरणमा प्रवेश गरेको छ भने चर्च ब्वाइज प्रतियोगिताबाट बाहिरिएको छ । भुटानी क्लबले सिनियरस्तरको प्रतियोगितामा नेपाली क्लबलाई हराएको यो पहिलोपटक हो । भुटानी लिग च्याम्पियन पारो एफसीले पहिलो रोजाइमा नौ विदेशी खेलाडीलाई मैदानमा उतारेको थियो भने सहिद स्मारक ए डिभिजन लिग विजेता चर्च ब्वाइजले तीन जना विदेशी खेलाडी मैदानमा उतारेको थियो ।

## शिलवन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार बिक्रीको सूचना

**पहिलो पटक सूचना प्रकाशित मिति : २०८१/०४/३०**

यस सामुदायिक वन उपभोक्ता समूहको स्विकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं. २५४५ मिति २०८०/११/२७ को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरू मध्ये समूहमा आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरूलाई डिभिजन वन कार्यालय बाँकेको च.नं. २५६ मिति २०८१/०४/२८ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका साल, असना, कर्मा, खयर, सिसौ, धौटी र सिमल जातका गोलिया थान १२२ को ५४२.८७ क्यू.फि. काठ, साल जातको दाउरा ३.७५ चट्टा र अन्य जातको दाउरा ४.५ चट्टालाई हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक वन पैदावारको लिलाम बिक्रीमा भाग लिनका लागि डिभिजन वन कार्यालयमा सुचिकृत भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै सिलबन्दी बोलपत्र खरिद गरि २२औं दिनको कार्यालय समय भित्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

**श्री बागेश्वरी सामुदायिक वन उपभोक्ता समूह**
**राप्ती सोनारी–३, बाँके**

## बीमा अभिलेख हरायो

मिति २०८१/०३/०६ गते कलंकीदेखि त्रिपुरेश्वर सम्म जाँदा मेरो निम्न व्यहोरा भएको प्रमाण पत्रहरु साथै सक्कली बीमा अभिलेख प्रमाण पत्र हराएको हादा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

**नाम : सिता बि.क.**
**बीमालेख नं : २५२१००२८६**
**LIC**
**ठेगाना : कलंकी, काठमाडौं**
**सम्पर्क नं : ९८४३८१४३५९**

## Trekking Guide लाइसेन्स हरायो

मिति **२०८०/१२/०७** गते बालाजुदेखि ठमेलसम्म जाँदा मेरो निम्न व्यहोरा भएको **Trekking Guide** लाईसेन्स हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम थर : **राम बहादुर अधिकारी**
लाइसेन्स नं. : **४५५२/०६३**
ठेगाना: **धादिङ, त्रिपुरा सुन्दरी गा.पा ७,**
फोन नं : **९८४१७९९९५२**

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८१/04/30 गते**

यस कम्पनीको मिति २०८१/०४/१३ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **प्रेस पास मिडिया प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **न्यु पाथिभरा ताजाखबर मिडिया प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/०४/२१ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **न्यु पाथिभरा ताजाखबर मिडिया प्रा.लि.** (प्रा.लि.नं.१८४४६०) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## शिलवन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार बिक्रीको सूचना

**पहिलो पटक सूचना प्रकाशित मिति : २०८१/०४/३०**

यस सामुदायिक वन उपभोक्ता समूहको स्विकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं. २६०१ मिति २०८०/११/२७ को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरू मध्ये समूहमा आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरूलाई डिभिजन वन कार्यालय बाँकेको च.नं. २७७ मिति २०८१/०४/२९ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका साल, कर्मा, जामुन, सिसौं, तेन्दु र अन्य जातका गोलिया थान १६८ को १४८९.२७ क्यू.फि. काठ, साल जातको दाउरा चट्टा ५.०० र सिसौं मिश्रीत अन्य जातको दाउरा चट्टा ४.०० लाई हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक वन पैदावारको लिलाम बिक्रीमा भाग लिनका लागि डिभिजन वन कार्यालयमा सुचिकृत भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै सिलबन्दी बोलपत्र खरिद गरि २२औं दिनको कार्यालय समय भित्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

**श्री गणपति सामुदायिक वन उपभोक्ता समूह**
**नरैनापुर–५, मटेहिया, बाँके**

## शिलवन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार बिक्रीको सूचना

**पहिलो पटक सूचना प्रकाशित मिति : २०८१/०४/३०**

यस सामुदायिक वन उपभोक्ता समूहको स्विकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं. २७४४ मिति २०८०/११/३० को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरू मध्ये समूहमा आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरूलाई डिभिजन वन कार्यालय बाँकेको च.नं. २५३ मिति २०८१/०४/२८ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका खयर, असना, कुसुम, धौटी, सिमल र अन्य विभिन्न जातका गोलिया थान १०६२ को १५३४.९८ क्यू.फि. काठलाई हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक वन पैदावारको लिलाम बिक्रीमा भाग लिनका लागि डिभिजन वन कार्यालयमा सुचिकृत भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै सिलबन्दी बोलपत्र खरिद गरि २२औं दिनको कार्यालय समय भित्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

**श्री ज्योति सामुदायिक वन उपभोक्ता समूह**
**कोहलपुर–८, बाँके**

## ओमानमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LULU MUSCAT HYPERMARKET LLC

पूर्व स्वीकृति मिति २०८१/04/२९ | LT. No. 308797 | चलानी नं. ६०२२३५११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 75 | 0 | 100 | ३४,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | packing and packaging worker | 75 | 0 | 100 | ३४,९०० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ ५ गते (21st Aug. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**JOB SEEKER MANPOWER Pvt. Ltd.**
Gongabu-9, Kathmandu, Nepal. Tel : +977-4390133, 4355356, 4355356,
E-mail : info@jobseekermanpower.com.np
Website :www.jobseekermanpower.com.np
श्रम इजाजत नं. २३५/०५८/०५९

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SJSJ GENERAL CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति २०८१/04/२९ | LT. No. 308912 | चलानी नं. ६०२२३४९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 1 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |


**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ ५ गते (21st Aug. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**Honesty Overseas Pvt.Ltd.**
Basundhara Chowk-8, Kathmandu, Nepal, Phone No.: +977-1-4364494, 4352243
Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np
श्रम इजाजत नं. १०००/०६८/०६९

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FOURTH TABLE CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/04/२८ | LT. No. 308830 | चलानी नं. ६०२२३४७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker/general Worker | 4 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |


**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ ५ गते (21st Aug. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**TESLA OVERSEAS PVT.LTD.**
Sinamangal 9, Kathmandu, Nepal, Tel: 01-5920966, 5920965
Email: info.teslaoverseas@gmail.com, Web: www.teslaoverseas.com.np
Govt. License 1638/080/81

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HALA AL JUBAIL CONTRACTING EST.

पूर्व स्वीकृति मिति: २०८१/04/२८ | LT. No.308828 | चलानी नं. ६०२०३४७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bus Driver | 1 | 0 | 2000 | ७१,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : HALA AL JUBAIL CONTRACTING EST.

पूर्व स्वीकृति मिति: २०८१/04/२८ | LT. No.308829 | चलानी नं. ६०२०३४८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Contruction Worker | 2 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Scafolder | 7 | 0 | 1200 | ४२,६०० | | | | | | | |


**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ ५ गते (21st Aug. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**Target Consultant Human Resources Pvt. Ltd.**
